# मन्त्रालयगत प्रगति विवरण

## आर्थिक वर्ष २०८२/०८३

कर्णाली प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

# मन्त्रालयगत प्रगति विवरण

(आ.व. २०८२/८३)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३

# कर्णाली प्रदेशको संक्षिप्त परिचय

नेपाली समाज रुपान्तरणको ऐतिहासिक सन्दर्भमा विभिन्न समयमा भएका जनआन्दोलन र विशेष गरी कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलन पश्चात जारी भएको नेपालको संविधान अनुसार तत्कालीन कर्णालीका सबै, भेरी अञ्चलका ३ र राप्ती अञ्चलका २ जिल्ला समेटेर कर्णाली प्रदेशको स्थापना भएको हो। सङ्घीय शासन प्रणाली अनुरुप पुनर्संरचना गरी बनेका ७ प्रदेश मध्ये कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन्। विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता भएको र क्षेत्रफ़लका हिसाबले नेपालको सबैभन्दा ठुलो प्रदेश हो। यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा ७१८ वडाहरु रहेका छन्। यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेश समुन्द्री सतहबाट सबैभन्दा होचो भू-भाग कर्णाली र भेरीको दोभान जामु कुइने १८० मिटर उचाईमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। कर्णाली प्रदेशको गरिबी दर २६.६९ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर २०.२७ प्रतिशतको तुलनामा उच्च रहेको छ।

जातीय, भाषिक तथा साँस्कृतिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा क्रमशः क्षेत्री, कामी, मगर, ठकुरी, दमाई, पहाडी ब्राह्मण, गुरुङ लगायतका जातिहरुको बसोबास रहेको छ भने नेपाली, खस, राजी, राउटे, मगर, खाम, काइके, तामाङ, मगर, थारु, मुगाली, कार्मरोंङ्ग, भोटेखाम आदि मुख्य रुपमा बोलिने भाषाको रुपमा परिचित छन्। यस प्रदेशमा विभिन्न जात/जाति, भाषाभाषी, धार्मिक सम्प्रदायकाबीच लामो समयदेखि धार्मिक सहिष्णुता, जातीय एवं भाषिक सहअस्तित्व कायम रहेको छ।

सुन्दर पहाड, हिमवत् खण्ड, उच्च हिमशृङ्खला लगायत प्राकृतिक सम्पदाले भरिपूर्ण असङ्ख्य मन्दिर, पाटीपौवा, गुम्बा, धार्मिक तथा साँस्कृतिक दृष्टिकोणले महत्वपूर्ण रहेको कर्णाली प्रदेशमा पर्यटनका दृष्टिले पर्याप्त सम्भावना रहेको छ। धर्म तथा लोक सँस्कृतिको अनुपम थलोको रुपमा रहेको यस प्रदेशका महत्वपूर्ण प्राचीन स्थलहरु जस्तै सुर्खेतको काँक्रेविहार, देउतीबज्यै, सिद्धपाइला, कालिकोटको कालिका, महाबु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, हुम्लाको खार्पुनाथ लगायत बाह्र देउताका मष्टहरु, मुगुको छायाँनाथ, डोल्पाको त्रिपुरासुन्दरी देवी, शे-गुम्बा तथा दैलेखको पञ्चकोशी र पञ्चदेवल आदि महत्वपूर्ण धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन्।

कर्णाली प्रदेश हिमाल, पहाड, तराईमा अवस्थित रहेको हुँदा हावापानीमा विविधता, जडीबुटीको प्रचुर सम्भावना, उच्च हिमाली भू-भागमा चौंरी, भेडा तथा च्याङ्ग्रा एवम् पहाडी जिल्लाहरुमा गाई, भैंसी, बाख्रा तथा कुखुरा पालन भएको पाइन्छ। विभिन्न पर्यटकीय गन्तव्यहरु, भौगोलिक तथा जैविक विविधताले भरीपूर्ण प्राग इतिहास र संस्कृति रहेको कर्णाली प्रदेश पर्या-पर्यटनको हिसाबले ठुलो हिस्सा ओगटेको छ। नेपाल सरकारले "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य अनुरुप कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा "**समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**" भन्ने दीर्घकालीन सोच रहेको र सो योजनाले पुरा गर्न नसकेको विषयहरु दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले पुरा गर्ने गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक सहभागितामा प्रदेशको समग्र विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरु निर्धारण गरी अपेक्षित नतिजा हाँसिल गर्न कर्णाली सोंच २१०० को निर्माण गरी दिगो विकासका आवधिक लक्ष्य/सूचकहरु हासिल गर्दै योजना अवधिमा १६५७ अमेरिकी डलर प्रतिव्यक्ति आय पुऱ्याउने लक्ष्य राखेको छ।

### तालिका १.१: कर्णाली प्रदेश सम्बन्धी विवरण

| विवरण | अवस्था |
|---|---|
| **जिल्ला** | **१०** |
| जनघनत्व | ६० |
| सङ्घीय निर्वाचन क्षेत्र | १२ |
| प्रादेशिक निर्वाचन क्षेत्र | २४ |
| नगरपालिका | २५ |
| गाउँपालिका | ५४ |
| कुल जनसङ्ख्या | १६८८४१२ |
| पुरुष | ८२३७६१ |
| महिला | ८६४६५१ |
| जनसङ्ख्या वृद्धिदर | ०.७० |
| परिवारको औसत आकार | ४.६१ |
| लैङ्गिक अनुपात | ९५.२७ |

***स्रोत:*** *राष्ट्रिय जनगणना, २०७८*

## तालिका १.२: प्रदेशको जातजातिगत तथा धार्मिक अवस्थाः

| जातजाति विवरण | अवस्था (प्रतिशतमा) | धर्म | अवस्था (प्रतिशतमा) |
|---|---|---|---|
| क्षेत्री | ४२.१६ | हिन्दु | ९४.७० |
| पहाडी ब्राह्मण | ८.०३ | बौद्ध | ३.१६ |
| मगर | १०.४३ | इस्लाम | ०.२११ |
| थारु | ०.५२ | किराँत | ०.००६ |
| नेवार | ०.२७ | क्रिश्चियन | १.७४५ |
| विश्वकर्मा | १६.२३ | प्रकृति | ०.१७८ |
| परियार | ४.०५ | बोन | ०.०३२ |
| ठकुरी | १०.४९ | | |
| मिजार | २.८४ | | |
| सुनुवार | ०.२७ | | |
| बादी | ०.०४ | | |
| भोटे | ०.३६ | | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## तालिका १.३: कर्णाली प्रदेश भित्रका स्थानीय तह सम्बन्धी विवरण

| जिल्ला | कुल स्थानीय तह सङ्ख्या | नगरपालिका संङ्ख्या | गाउँपालिका संङ्ख्या | कुल वडा संङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | ६ | ३ | ३ | ७३ |
| सल्यान | १० | ३ | ७ | ८३ |
| सुर्खेत | ९ | ५ | ४ | ९९ |
| दैलेख | ११ | ४ | ७ | ९० |
| जाजरकोट | ७ | ३ | ४ | ७७ |
| डोल्पा | ८ | २ | ६ | ६५ |
| जुम्ला | ८ | १ | ७ | ६० |
| कालिकोट | ९ | ३ | ६ | ८२ |
| मुगु | ४ | १ | ३ | ४५ |
| हुम्ला | ७ | ० | ७ | ४४ |
| कर्णाली प्रदेश | ७९ | २५ | ५४ | ७१८ |
| नेपाल | ७५३ | २९३ | ४६० | ६७४३ |

# आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र
# चैत्र मसान्तसम्मको खर्चको यथार्थ विवरण

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/निकाय | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०२ | प्रदेश व्यवस्थापिका | १४४७२० | ५८८४३ | ४०.६६ |
| २१० | प्रदेश लोक सेवा आयोग | ८९६९४ | ३५५०४ | ३९.५८ |
| २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७७०० | १०७७६ | ६०.८८ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८०५२१ | १४४६२७ | ३८.०१ |
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०१३४५ | ८८४६२ | ४३.९४ |
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४२७९९८ | ६१७८८५ | २५.४५ |
| ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३८३०३५८ | ९४२४०१ | २४.६ |
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २५७११०० | ४३१६६५ | १६.७९ |
| ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३००००० | ५५२३९ | १८.४१ |
| ३३७ | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | ११०१२१०७ | २११७५९२ | १९.२३ |
| ३५० | सामाजिक विकास मन्त्रालय | ५७७५६८९ | १८४६८८९ | ३१.९८ |
| ३९१ | कर्णाली प्रदेश योजना आयोग | ४३७८३ | १७७८४ | ४०.६२ |
| ५०१ | अर्थ - वित्तीय व्यवस्था | ६१५००० | ६०३५० | ९.८१ |
| ६०२ | अर्थ - विविध | ९८६७९९ | ० | ० |
| ८०१ | स्थानीय तह | ४५९९८४१ | १६०८२५३ | ३४.९६ |
| | **कुल जम्मा** | **३२९९६६५५** | **८०३६२७०** | **२४.३५** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

# प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत "**मन्त्रालयगत प्रगति विवरण**" पुस्तकमा कर्णाली प्रदेश सरकारका सबै मन्त्रालयहरुको संक्षिप्त परिचय, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिको साथै आर्थिक बर्ष २०८२/८३ को चैत्र मसान्तसम्मको खर्च विवरण समावेश गरिएको छ। चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सबै मन्त्रालयहरुसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा २०८२ चैत्रसम्मको वित्तीय र भौतिक प्रगति, जनशक्ति तथा पदपूर्तिको मौजुदा अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतीहरु तथा चालु आर्थिक वर्षमा तर्जुमा एवं स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका विवरण समावेश समेत गरिएको छ। साथै विषयगत मन्त्रालयबाट सो अवधिमा सम्पादन भएका महत्वपूर्ण कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। विषयगत मन्त्रालयहरुसँग सम्बन्धित तथ्याङ्क प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आधारित रही तयार पारिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६ |
| ३. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९ |
| ४. | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | ४५ |
| ५. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ५९ |
| ६. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ७२ |
| ७. | सामाजिक विकास मन्त्रालय | ९० |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रूपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो। यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरूबीच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ। मिति २०८२/०८/०१ को कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट साविक आन्तरिक मामिला तथा कानून मन्त्रालय समेत यसै कार्यालयमा गाभिन गई यस कार्यालयको कार्यक्षेत्रमा साविक आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्दै आएका कार्यहरू समेत थपिएका छन्। जसबाट कानूनसँग सम्बन्धित विषय, विपद् व्यवस्थापन, शान्ति सुरक्षा, आमसञ्चार र अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएको कार्य यस कार्यालयको कार्यक्षेत्रमा थप हुन गएका छन्।

## २. कार्यालयको दीर्घकालीन सोचः

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवम जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

## ३. कार्यालयको ध्येयः

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत् सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

## ४. कार्यालयको रणनीतिक उद्देश्यहरूः

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाई प्रदेशको विकास र समृद्धि हासिल गर्ने। प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाई शासकीय सबलीकरण गर्ने।

## ५. कार्यालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस कार्यालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्य विभाजन तथा कार्यसञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७. | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक, जानकारी र सम्बोधन |
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १५. | राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८. | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन |
| १९. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| २०. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २१. | प्रदेश प्रशिक्षण प्रतिष्ठानको सञ्चालन, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय |
| २२. | प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी |
| २३. | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २४. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा |
| २५. | प्रादेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी |
| २६. | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य |
| २७. | अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा |
| २८. | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय |
| २९. | सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन |
| ३०. | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय |
| ३१. | कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी |
| ३२. | प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी |
| ३३. | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ३४. | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग |
| ३५. | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ३६. | सामुदायिक प्रहरी |
| ३७. | प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन |
| ३८. | प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन |
| ३९. | प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय |
| ४०. | गुनासो र विवाद व्यवस्थापन |
| ४१. | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन |
| ४२. | फौजदारी कार्यविधि कानूनको कार्यान्वयन |
| ४३. | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति |
| ४४. | निवारक नजरबन्द र स्थानहद सम्बन्धी |
| ४५. | अन्तरप्रदेश सम्बन्ध |
| ४६. | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान |
| ४७. | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय |
| ४८. | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री, उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४९. | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ५०. | उपाधि, सम्मान तथा विभूषणको सिफारिस |
| ५१. | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन |
| ५२. | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी |
| ५३. | सत्यनिरूपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी |
| ५४. | प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण |
| ५५. | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ५६. | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन |
| ५७. | प्रदेश भित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन |
| ५८. | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन |
| ५९. | साइवर सुरक्षा अनुगमन |
| ६०. | छापासञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन |
| ६१. | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ६२. | श्रमजिवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन |
| ६३. | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ६४. | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ६५. | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| ६६. | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन |
| ६७. | प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने |
| ६८. | अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रूपमा नतोकिएको कार्य। |

## ६. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८२ चैत्रसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| १५१ | प्रदेशसँग सम्बन्धित सङ्घ, प्रदेश र स्थानीयतहबाट निर्मित कानूनहरू बिचको सामञ्जस्यता, अन्तरसम्बन्ध तथा विरोधाभाष लगायतका विषयमा अध्ययन अनुसन्धान गरी प्रदेश कानून निर्माण तथा परिमार्जन लगायतका विषयमा सुझाव दिन लिगल अडिटको व्यवस्था मिलाएको छु। | सङ्घ, प्रदेश र स्थानीयतहबाट निर्मित कानूनहरूबीच सामञ्जस्यता तथा अन्तरसम्बन्ध कायम गर्दै समयानुकूल बनाउन विभिन्न प्रदेश कानूनहरूलाई संशोधन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| १५२ | मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्न सङ्घ, स्थानीय तह, विकास साझेदार र गैरसरकारी संस्थासँग समन्वय र सहकार्यमा कानूनी सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ। | विभिन्न निकायहरूसँगको समन्वय र सहकार्यमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको। |
| १५३ | जनआन्दोलन, सशस्त्र सङ्घर्ष र कर्णाली प्रदेश प्राप्ति आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका तथा असहाय, गरीब व्यक्तिलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिद स्मृति भत्तासम्बन्धी कार्यक्रमको निरन्तरताका लागि रू. ८ करोड ५० लाख विनियोजन गरेको छु। यस कार्यक्रमलाई लाभग्राहीको जीवनस्तरमा सुधार ल्याउने गरी उद्यमशीलतामा आबद्ध गर्दै लगिनेछ। | आन्दोलनको क्रममा घाइते तथा अपाङ्गता भएका तथा असहाय, गरिब व्यक्तिहरूलाई प्रदेश अस्पतालबाट निःशुल्क स्वास्थ्य उपचारको कार्य भइरहेको। जीवन निर्वाह भत्ता र सहिद स्मृति भत्ता वितरण गर्न स्थानीय तहलाई अख्तियारी प्रदान गरिएको। |
| १५४ | विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी विपद्बाट हुन सक्ने मानवीय, आर्थिक, सामाजिक र पर्यावरणीय क्षतिलाई कम गरिनेछ। भूकम्प, बाढी पहिरो जस्ता विपद् व्यवस्थापनमा उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ। यस्ता कार्यमा प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी संस्थालाई प्रोत्साहित गरिनेछ। | प्रदेशमा क्रियाशील विकास साझेदार र गैरसरकारी संस्था समेतको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी तथा विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| १५५ | सुर्खेत विमानस्थल परिसरमा मानवीय सहायता तथा विपद् उद्धार HADR का लागि नेपाली सेनाको सहकार्यमा पोखरी निर्माण गर्न रू. १ करोड ५० लाख विनियोजन गरेको छु। | मानवीय सहायता तथा विपद् उद्धार (HADR) पोखरी निर्माण कार्य अघि बढाइएको र निर्माण कार्य अन्तिम चरणमा रहेको। |
| १५६ | विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्नेलाई प्रोत्साहन तथा पुरस्कृत गर्न आवश्यक व्यवस्था मिलाएको छु। नेपाल सरकार समेतको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार तथा विपद् व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्न विपद् व्यवस्थापन कोषको लागि रू. ५ करोड विनियोजन गरेको छु। | विपद् साहासिक पुरस्कार सम्बन्धी कार्यविधि संशोधनको लागि मस्यौदा तर्जुमा गरिएको। विपद् व्यवस्थापन कोषबाट उद्धार तथा विपद् व्यवस्थापनका क्षेत्रमा रकम खर्च गरिएको। |
| १५७ | विपद्को जोखिम तथा असर न्यूनीकरण गर्न विपद् घर सुरक्षा कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशका घरहरूको विपद् जोखिम विमा कार्यक्रम तथा कर्णालीवासी तथा प्रदेशमा सेवारत सबै नागरिकको सामूहिक विपद् जोखिम दुर्घटना बीमा कार्यक्रमलाई विस्तार गर्दै निरन्तरता दिएको छु। यसका लागि रू. ५ करोड १० लाख विनियोजन गरेको छु। | चालु आर्थिक वर्षमा विनियोजित रकम मध्येबाट प्रदेशमा सेवारत सबै नागरिको रू.१ करोड ५७ लाख ५२ हजार ९ सय ४ मा राष्ट्रिय बीमा कम्पनी लि.सँग २०८३ वैशाख ३० देखि लागू हुने गरी सामूहिक दुर्घटना बीमा गरिएको। |
| १५८ | विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन आपतकालीन राहत वितरण गर्ने व्यवस्था मिलाएको छु। स्थानीय विपद् व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ। विपद् प्रतिकार्य, खोज र उद्धार कार्यको लागि | प्रदेश र स्थानीय तहका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, सूचना प्रविधि शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| | विपद्सँग सम्बन्धित अत्यावश्यक सामग्रीको अभाव नहुने प्रबन्ध मिलाएको छु। | |
| १५९ | आमसञ्चार तथा सूचना प्रविधिको विकास तथा प्रवर्द्धनको लागि कर्णाली आमसञ्चार तथा सूचना प्रविधि विधेयक तर्जुमा गरी प्रदेश सभामा यसै अधिवेशनमा पेस गरिनेछ। सार्वजनिक सूचना मार्फत सार्वजनिक सरोकारका विषयमा नागरिकलाई सुसूचित गर्न तथा सञ्चार गृहको प्रवर्द्धनको लागि हाल दिइदै आएको लोक कल्याणकारी विज्ञापन कार्यक्रमलाई निरन्तरता दिएको छु। | कर्णाली प्रदेश आमसञ्चार विधेयक प्रदेशसभामा दर्ता गरिएको। लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारण गर्न ११३ वटा सञ्चार माध्यमसँग सम्झौता भएको। |
| १६० | प्रदेश सरकारका निकायबाट प्रकाशन गरिने विज्ञापन तथा सूचनामा प्रदेशमा सञ्चालित सञ्चार माध्यमलाई प्राथमिकता दिइनेछ। | लोक कल्याणकारी विज्ञापन प्रकाशन र प्रसारणमा प्रदेशमा सञ्चालित सञ्चार माध्यमलाई प्राथमिकता दिइएको। |
| १६१ | पत्रकारिता तथा आमसञ्चार र कानून अध्ययनका लागि छात्रवृति, प्रादेशिक पत्रकारिता पुरस्कार, क्षमता अभिवृद्धि र विपद् तथा अन्य जोखिमका कारण क्षति हुने सञ्चार उपकरणको बीमाका लागि सञ्चार माध्यम बीमा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। | पत्रकारिता अध्ययन छात्रवृत्ति वितरणका लागि मध्यमपश्चिम विश्वविद्यालयसँग समन्वय भइरहेको। |
| १६२ | डिजिटल कर्णालीको अवधारणालाई मूर्त रूप दिन मध्यपश्चिम विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान समेतको सहकार्यमा डिजिटल कर्णाली फ्रेमवर्क निर्माण गरिनेछ। | कर्णाली प्रदेशमा एकिकृत सेवा प्रवाह तथा सूचना प्रविधिमा आधारित सेवा प्रवाह प्रणालीको विकासका लागि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| | निजी तथा सार्वजनिक क्षेत्रमा सूचना प्रविधिमा आधारित उद्यम व्यवसाय र सेवा प्रवाहको उपयोगलाई बढावा दिन जेन्जी पुस्तालाई लक्षित गरी सूचना प्रविधिजन्य उद्यम प्रवर्द्धनका लागि इन्क्युबेसन सेन्टर स्थापना गरिने छ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु। | क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको। |
| १६४ | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सुझाव समितिको सिफारिसको आधारमा समान प्रकृतिका संरचना एक आपसमा गाभ्ने, औचित्यपूर्ण नदेखिएका संरचना खारेज गर्ने लगायतका कार्य मार्फत प्रशासनिक संरचनालाई चुस्त र उपयुक्त आकारमा रूपान्तरण हुने गरी प्रदेशको प्रशासनिक पुनर्संरचना गरिनेछ। | आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई सङ्गठनात्मक ढाँचा र दरबन्दी तेरिज स्वीकृत भएको। |
| १६५ | प्रदेशमा कार्यरत राष्ट्रसेवक र स्वीकृत दरबन्दी भित्रका करार सेवामा कार्यरत कर्मचारीलाई प्रदान गर्दै आएको कर्णाली प्रोत्साहन भत्तालाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेश सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु। | प्रदेशमा कार्यरत राष्ट्रसेवक र स्वीकृत दरबन्दी भित्रका करार सेवामा कार्यरत कर्मचारीलाई कर्णाली प्रोत्साहन भत्ता मासिकरूपमा प्रदान भईरहेको तथा कर्मचारीलाई पुरस्कृत गर्ने कार्य यस आ.व.मा हुन नसकेको। |
| १६६ | प्रदेश सरकारको नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई प्रशासनिक पुनर्संरचना नहुञ्जेल रिक्त दरबन्दीमा पदपूर्ति गरिने छैन। स्वीकृत दरबन्दीभन्दा बढी हुने गरी अस्थायी वा करार सेवामा कर्मचारी | प्रदेश सरकारको नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई प्रशासनिक पुनर्संरचना नहुञ्जेल रिक्त दरबन्दीमा पदपूर्ति नगरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| | नियुक्ति गरिने छैन। सङ्घीय निजामती सेवा ऐन अनुकूल हुने गरी प्रदेश र स्थानीय निजामती सेवाका कानून समसामयिक परिमार्जन गरिनेछ। | स्वीकृत दरबन्दी भन्दा बाहिर करार सेवामा कर्मचारी नियुक्ति नगरिएको। निजामती सेवा सम्बन्धी कानून संशोधनका लागि तयारी भएको। |
| १६७ | प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूको विधायिकी तथा योजना तर्जुमा र कर्मचारीहरूको प्रशासनिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने व्यवस्था मिलाएको छु। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) का लागि रू. १७ करोड विनियोजन गरेको छु। | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूका लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट योजना तर्जुमा, सार्वजनिक खरिद, बेरूजु फस्यौंट लगायत विभिन्न विषयमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनुका साथै प्रदेश कार्यक्रम सहयोग इकाई मार्फत प्रदेशमा कार्यरत कर्मचारीहरूलाई विभिन्न किसिमका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको। |
| १६८ | सेवा प्रवाह र विकास निर्माणमा जनगुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन **"हेलो मुख्यमन्त्री हटलाइन सेवा"** लाई थप व्यवस्थित गरिनेछ। जनताको माग र समस्यालाई तत्काल सम्बोधन गर्दै सार्वजनिक जवाहदेहिता अभिवृद्धि गर्नको लागि **"जनतासँग मुख्यमन्त्री"** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। | **हेलो मुख्यमन्त्री** हटलाइन कक्षलाई सुव्यवस्थित गरी र प्रणालीमा प्राप्त गुनासोहरूलाई यथाशीघ्र फस्यौंट हुने प्रबन्ध मिलाइएको। |
| १६९ | भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति लिई सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र निष्पक्ष बनाउँदै शासकीय स्वच्छता कायम गरिनेछ। सार्वजनिक सेवालाई पारदर्शी, सर्वसुलभ र छरितो बनाउनको लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ। | सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता दिइँदै आएको छ। सेवा प्रवाहमा प्रभावकारिता ल्याउनका लागि यातायात व्यवस्था कार्यालयलाई एकद्वार सेवा प्रवाहको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| | | कार्यालयको रूपमा विकास गर्न प्रणाली विकासको कार्य भइरहेको। |
| १७० | प्रदेश सरकार मातहतका निकायहरूको व्यवस्थापन परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश सरकारका निकायबाट प्रदान गरिने सेवाको सम्बन्धमा नागरिकको स्वतन्त्र मूल्याङ्कनका लागि नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने व्यवस्था मिलाएको छु। | व्यवस्थापन परीक्षणको निर्देशिकाको मस्यौदा तयार गरिएको। |
| १७१ | तीन तहका सरकारबिच सहकार्य, सहअस्तित्व र समन्वयलाई सुदृढ गर्न कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनालाई थप सक्रिय र क्रियाशील बनाइनेछ। | स्थानीय तहका पदाधिकारीसँग समानान्तर छलफल कार्यक्रम सम्पन्न गरिएको। प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन भएको। |
| १७२ | कर्णाली प्रदेश सरकारलाई विकास निर्माण, वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन लगायतका क्षेत्रमा उपयोगी सुझाव र सल्लाह प्रदान गर्न क्षेत्रगत विज्ञ समूह बनाइनेछ। प्रदेशस्तरीय बौद्धिक सम्वादका लागि मुख्यमन्त्री नीति सम्वाद कार्यक्रम सञ्चालन गरिनेछ। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको सङ्गठन संरचना स्वीकृत गरी आवश्यक बजेट व्यवस्थापन गरिएको। |
| १७३ | गैरसरकारी संस्थालाई प्रादेशिक प्राथमिकताका क्षेत्रमा परिचालन, नियमन, अभिलेख र व्यवस्थापन गर्न गैरसरकारी संस्था सम्बन्धी विधेयक प्रदेश सभाको यसै अधिवेशनमा पेस गरिनेछ। प्रदेशमा क्रियाशील विकास साझेदार तथा गैरसरकारी सङ्घसंस्थाहरूलाई प्रदेशको योजना तथा नीतिसँग आबद्ध गर्दै प्रदेशका प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ। | गैरसरकारी संस्था सम्बन्धी विधेयकको मस्यौदा तयारीको क्रममा रहेको। |
| १७८ | स्थानीयस्तरको माग र आवश्यकता अनुरूप मुख्यमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गर्दै स्थानीय पूर्वाधार विकासको अतिरिक्त सिप | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त वेहोरा | प्रगति |
|---|---|---|
| | तथा उद्यम विकासका कार्यक्रम मार्फत रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्न "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम" का रूपमा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी रू. १ अर्ब १४ करोड ९० लाख वित्तीय हस्तान्तरणको व्यवस्था मिलाएको छ। | |

## ७. आर्थिक वर्ष २०८२/८३ को चैत्रसम्म सम्पादन भएका प्रमुख कार्यहरू:

- कर्णाली प्रदेश सरकारको चालु आ.व.मा २४ वटा मन्त्रिपरिषद् बैठक सञ्चालन भएको, निर्णय संख्या ३७ वटा भएको।
- २०८३ सालको सार्वजनिक बिदा सम्बन्धी विवरण राजपत्रमा प्रकाशन गरिएको।
- कार्यालयले सञ्चालनमा ल्याएका विभिन्न प्रणालीहरूको अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- लोककल्याणकारी विज्ञापन कार्यक्रम अन्तर्गत ११३ वटा आवेदन छनोट गरी सम्झौता कार्य अगाडि बढेको।
- सञ्चारकर्मी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट र रुकुम पश्चिमका सञ्चारकर्मीलाई मिथ्या सूचना र तथ्य जाँच सम्बन्धी तालिम सञ्चालन गरिएको।
- डिजिटल साक्षरता, साइबर अपराध र सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय सुर्खेतसँग सम्झौता भई १४ वटा विद्यालयमा कार्यक्रमहरू सञ्चालन गरिएको।
- रेडियो नेपाल प्रादेशिक प्रसारण केन्द्र मार्फत प्रदेश विशेष कार्यक्रम र खस भाषामा समाचार उत्पादन तथा प्रसारण गर्न सम्झौता भई कार्यक्रम सञ्चालन भईरहेको।
- घर बीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१,पहिलो संशोधनको क्रममा रहेको।
- विपद् जोखिम न्यूनीकरण र पूर्व तयारी सम्बन्धी हाते पुस्तक तयारीको क्रममा रहेको।
- प्रादेशिक आपतकालिन गोदाम घर सम्बन्धी कार्यविधि तयारीको क्रममा रहेको।
- सुर्खेत र जाजरकोट जिल्लाका ३ स्थानमा प्रहरी चौकीका लागि प्रिफ्याव भवन निर्माण गर्न बोलपत्र आह्वान भई खरिद सम्झौताको अन्तिम चरणमा रहेको।

- अस्थायी प्रहरी चौकी भवन निर्माण खुलालु, कालिकोट, हुलाकडाँडा, दैलेख, मुसीकोट, (रुकुम पश्चिम) र बागचौर, सल्यानको लागि ६ कोठे प्रिफ्याब भवन निर्माण गर्न बोलपत्र आह्वान भई खरिद सम्झौताको अन्तिम चरणमा रहेको।
- सुरक्षा निकायहरूसँग अन्तरक्रिया कार्यक्रम र प्रदेश सुरक्षा गोष्ठी, २०८२ सम्पन्न भएको।
- आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रममा भएको १० बुँदे प्रतिबद्धता पत्र तथा मिति २०८२/०३/२५ मा माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय कार्यान्वयनको प्रगतिबारे छलफल सम्पन्न भएको।
- कर्णाली प्रदेश सरकारले विगतका वर्षमा गरेका महत्त्वपुर्ण काम, योजना र दृष्टिकोण समेटिने कर्णाली प्रदेश डायरी कार्यक्रम सङ्कलन, उत्पादन र प्रसारण गर्नको लागि सार्वजनिक सेवा प्रसारण नेपाल, एन.टि.भि कोहलपुरसँग सम्झौता भएको।
- कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को व्यवस्था बमोजिम मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भएको।
- सल्यान र दैलेखका १३ वटा स्थानीय तहमा अभिलेख व्यवस्थापन सम्बन्धी अनुगमन तथा निरीक्षण कार्यक्रम सम्पन्न भएको।
- प्रदेश तथा स्थानीय तहको (अन्य सेवा समेतको) PIS Portal निजामती किताबखानाबाट हस्तान्तरण भएको।
- कर्णाली प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवामा नियुक्त भएका १२७ जना तथा स्थानीय सेवामा नियुक्त भएका ३०० कर्मचारीको सिटरोल दर्ता भएको।
- प्रदेश र स्थानीय तहमा नयाँ नियुक्त भएका कर्मचारीहरूको २०० थान सम्पत्ति विवरण खामबन्दीहरूको अभिलेखीकरण गरिएको।

## ८. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान सङ्ख्या | मन्त्रालय/कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५५१०४६.८३४ | १४४६२८ | ३८ |
| | **जम्मा** | **५५१०४६.८३४** | **१४४६२८** | **३८** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्र मसान्तसम्मको प्रगति विवरणः

*(रू. हजारमा)*

| ब.उ.शी.नं. | ब.उ.शी.नं. को नाम | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४४३९० | ७९०८० | २२.९६ |
| ३०१००१०२ | मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम | १५०० | २६८ | १७.८७ |
| ३०१००९०३ | प्रदेश कर्मचारी अभिलेखालय | ११६०६ | ४३१० | ३७.१३ |
| ३०१६१९०१ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | ४५६७५ | १११२९ | २४.३६ |
| ३०१९११२१ | प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम | १७०००० | ४९८४१ | २९.३२ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## १०. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरूः

- आवश्यक कार्यविधि तथा मापदण्ड समयमै तर्जुमा नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई हुनु,
- भौतिक पूर्वाधार मर्मत सम्भार तथा निर्माण सम्बन्धी कार्यसम्पादनका लागि लागत अनुमान तयार गर्न, खरिद प्रक्रिया अगाडि बढाउनका लागि प्राविधिक कर्मचारीको सहयोग लिनुपर्ने र त्यस्ता कर्मचारीहरूमा अधिक कार्यचापका कारण कार्यसम्पादनमा कठिनाई उत्पन्न हुनु,
- प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन र सोको अनुगमन तथा मूल्याङ्कन गर्नु,
- प्रदेश कर्मचारी अभिलेखालयलाई स्रोत साधन सम्पन्न बनाउनु,
- बहुबर्षिय आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु,
- सङ्घ र स्थानीय तहसँगको र अन्तरनिकाय समन्वय र सहकार्य न्यून हुनु।
- व्यवस्थापन परीक्षण गरी सोको सुझावहरू कार्यान्वयन गर्नु,
- सम्पत्ति विवरण अभिलेख व्यवस्थापन (स्थान र संरक्षण) गर्नु,
- कार्यसम्पादन सम्झौताको लक्ष्य प्रगति बिच आबद्धता कायम गर्नु,
- संस्थागत स्मरण कायम गर्नु।

## ११. आ.व. २०८२/०८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १. | स्थानीय सेवा (गठन तथा सञ्चालन) पहिलो संसोधन ऐन, २०८२ |
| २. | पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२ |
| ३. | कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीको सरुवा तथा फाजिल व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८२ |
| ४. | स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को अनुसूची-८ (क) संशोधन |
| ५. | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-१ र अनुसूची-२ संशोधन |

## १२. जनशक्तिको अवस्थाः

| कुल दरवन्दी सङ्ख्या | कुल पदपुर्ति सङ्ख्या | कुल रिक्त सङ्ख्या |
|---|---|---|
| ७६ | ७० | ६ |

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७४ साल फाल्गुन ३ गते गठन भई कार्यारम्भ गरेको छ। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेशस्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरू सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

**समृद्ध कर्णाली, सुखारी कर्णालीवासी** को सपना साकार पार्ने।

## ३. ध्येयः

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

## ४. रणनीतिक उद्देश्यहरूः

- आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने,
- सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने,
- अनुदान तथा सहायताको उच्चतम उपयोग गर्ने,
- विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने,
- सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने,
- पुँजीगत खर्च वृद्धिका लागि सहजीकरण गर्ने,
- वित्तीय अनुशासन कायम गर्ने।

## ५. मन्त्रालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकिकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर, |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग, |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान, |
| १० | सङ्घीय नीति अनुरूप सह-वित्तीयकरण, |
| ११ | प्रदेश आर्थिक कार्यविधि, सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन, |
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, |
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन, |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी, |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन, |
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकिकृत विवरण र लेखा परीक्षण, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| १८ | सङ्घीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण, |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २० | सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य, |
| २१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |
| २२ | बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन, |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य। |

## ६. आ.व. २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित विषयहरूको २०८२ साल चैत्रसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १७८ | चालु प्रकृतिको प्रशासनिक खर्चमा हरसम्भवको मितव्ययिता अपनाई चालु खर्चलाई समेत पुँजीगत खर्च र नागरिक सेवा प्रवाहसँग आवद्ध गरिनेछ। | चालु खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्दै अनिवार्य दायित्व बाहेकका चालु खर्चमा नियन्त्रण गरी पुँजीगत खर्चलाई प्राथमिकता दिएको। |
| १७९ | आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन करार सम्झौता तथा प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनोट गरी आयोजनाको कार्यसम्पादन अभिवृद्धि गरिनेछ। | बार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्री र सचिव बीचमा कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयन भईरहेको। |
| १८० | बजेट विनियोजन कुशलता कायम गरी कार्यान्वयनप्रति जवाफदेही बनाउन खर्च गर्ने | म्याद नाघी आएको अवण्डा रकम बाँडफाँट नगरी अवण्डा राख्ने |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निकाय वा क्रियाकलाप यकीन नगरी विषयगत मन्त्रालयमा एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ। | प्रवृत्तिलाई विनियोजन ऐन मार्फत निरुत्साहित गरिएको। |
| १८१ | प्रदेश सरकारको बजेटमा समावेश भएका पूर्वाधार निर्माण सम्बन्धी आयोजना स्वीकृत बजेटको सीमाभित्र रही संवत् २०८२ साल असार १ गतेपछि खरिद प्रक्रिया सुरु गर्न सकिने व्यवस्था मिलाएको छु। | बजेट विनियोजन भएका प्रदेशभित्रका आयोजना वा कार्यक्रमको कार्यान्वयनका लागि चालु आर्थिक वर्षको कार्तिक महिनाभित्र ठेक्का सम्झौता हुने गरी आवश्यक व्यवस्था मिलाउन बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन उल्लेख भई सोही बमोजिम कार्यान्वय भईरहेको। |
| १८२ | आयोजना वा कार्यक्रम कार्यान्वयनमा शीघ्रता ल्याउन सालबसाली रूपमा सञ्चालन हुँदै आएका कार्यक्रम आगामी आर्थिक वर्षमा समेत यथावत् रूपमा सञ्चालन हुने भएमा विनियोजन ऐन, २०८१ बमोजिम बनेका निर्देशिका, कार्यविधि वा मापदण्डका आधारमा कार्यान्वयन गर्न सकिने व्यवस्था मिलाएको छु। | विगत वर्षदेखि नै सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८२/८३ मा समेत यथावत् रूपमा सञ्चालन हुने भएमा त्यस्ता कार्यक्रम सञ्चालनको लागि साविककै कार्यविधि, निर्देशिका, मापदण्ड बमोजिम नै कार्यान्वयन गर्न बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन उल्लेख भई सोही बमोजिम कार्यान्वयन भईरहेको। |
| १८४ | प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्क सम्बन्धी प्रचलित मापदण्ड अनुसारको सबै प्रकृया पूरा गर्नु पर्नेछ। आयोजना बैङ्कमा नरहेका आयोजना प्रदेश सरकारका निकायबाट कार्यान्वयन हुने छैन। | आयोजना बैंकमा समावेश नभएका आयोजनामा बजेट विनियोजन नगरिएको। |
| १८५ | बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नुपर्ने | अनुरोध भई आएका आयोजना तथा कार्यक्रमहरू तोकिएको समयावधि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उपयुक्त आधार र कारण सहित बजेट रकम तथा स्रोत परिवर्तन नहुने गरी अनुरोध भइ आएमा संवत् २०८२ साल पौष मसान्तभित्र संशोधन गर्न सकिने व्यवस्था मिलाएको छु। | भित्रै संशोधन गरिनुको साथै म्याद नाघी आएका आयोजनाहरू संशोधन नगरिएको। |
| १८६ | आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बहुवर्षीय आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्रदान भएको मितिले ६ महिना वा सोही आर्थिक वर्षको जेठ मसान्तमध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र ठेक्का सम्झौता नभएमा स्रोत सहमति स्वतः रद्द हुने व्यवस्थालाई निरन्तरता दिएको छु। | बजेट बक्तव्यमा उल्लेखित प्रावधान बमोजिम नै कार्यान्वयन हुदै आएको। |
| १८७ | प्रदेश सरकारका निकायबाट लागत सहभागिताका आधारमा लाभग्राहीलाई प्रदान गरिने जुनसुकै प्रकारका नगद अनुदानमा दोहोरोपना नहुने गरी प्रदेश सरकारको अंश पचास प्रतिशत भन्दा बढी नहुने गरी रकम व्यवस्था गरिएको छ। | विषयगत मन्त्रालयले आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरेको। |
| १८८ | बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम तथा रू. १० करोडभन्दा बढी रकम विनियोजन भएका आयोजना वा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता बढाउन आर्थिक मामिला तथा योजना मन्त्रालयमा चौमासिक रूपमा मूल्याङ्कन गर्ने व्यवस्थाको निरन्तरता | विषयगत मन्त्रालयसँग विभिन्न चरणमा अनौपचारिक छलफल गरिएको। |
| १८९ | प्रदेश सरकारले सञ्चालनमा ल्याएको प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालीबद्ध गर्दै लगिनेछ। | मन्त्रालयको समन्वयमा प्रदेश योजना आयोगबाट आयोजना बैङ्क व्यवस्थापन प्रणालीलाई थप सुदृढ गर्ने कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९१ | वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने समपुरक, विशेष र ससर्त अनुदानबाट सञ्चालन हुने आयोजनाको कानुनी व्यवस्था, छनोटको प्रक्रिया, आधार र मापदण्ड बारेमा स्थानीय तहलाई सुसूचित गर्न प्रदेशका सबै जिल्लामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। | हुम्ला र सल्यान बाहेकका जिल्लाहरूमा अभिमुखीकरण सञ्चालन गरिएको। |
| १९२ | विषयगत मन्त्रालय र प्रदेश योजना आयोगको सहकार्यमा आयोजना बैङ्कमा रहेका सबै आयोजनाको उपयुक्तताको परीक्षण तथा मूल्याङ्कन गरी मापदण्ड बमोजिमका प्रक्रिया पूरा गर्न नसक्ने अनुपयुक्त आयोजनाहरू प्रणालीबाट हटाइ कार्यान्वयनयोग्य र उच्च प्रतिफलयुक्त आयोजना मात्र आयोजना बैङ्क प्रणालीमा रहने व्यवस्था मिलाईने। | मन्त्रालयको समन्वयमा कर्णाली प्रदेश योजना आयोगबाट आवश्यक कार्य भइरहेको। |
| १९३ | आयोजना कार्यान्वयन सम्झौता रकम भन्दा उक्त आयोजनाको लागि विनियोजन भएको रकम बढी भइ बचत भएमा अन्य कार्यमा खर्च नगरी सोको विवरण विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था मिलाएको छु। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |
| १९४ | रकमान्तर कार्यलाई आवश्यकतामा आधारित बनाउन पुँजीगत तथा वित्तीय व्यवस्था तर्फका शीर्षकमा विनियोजित चालु प्रशासनीक खर्च शीर्षकमा सार्न नपाइने तथा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम अन्यत्र रकमान्तर गरिने छैन। साथै आर्थिक वर्षको प्रथम त्रैमासिक अवधि, सुरु विनियोजन नभएको खर्च शीर्षक वा नयाँ क्रियाकलाप र असार महिनामा रकमान्तर नगर्ने नीतिलाई निरन्तरता दिएको छु। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९५ | सामाजिक सुरक्षा माथिको बढ्दो वित्तीय भार न्यूनीकरण गर्न सामाजिक सुरक्षासँग सम्बन्धित नेपाल सरकार वा स्थानीय तहबाट सञ्चालित उस्तै प्रकृतिका कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेश सरकारबाट वितरण गर्ने व्यवस्था मिलाईनेछ। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |
| १९७ | विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारबाही प्रारम्भ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कडाईका साथ परिपालना गरिनेछ। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |
| १८९ | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को प्रभावकारी कार्यान्वयन गर्न नियमावली तर्जुमा गरिनेछ। | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा भई कार्यान्वयमा रहेको। |
| १८९ | वित्तीय अनुशासन र वित्तीय व्यवस्थालाई थप व्यवस्थित र सुदृढ गर्न आर्थिक प्रशासन सम्बन्धी अन्य आवश्यक नियमावली, कार्यविधि तथा मापदण्डहरू परिमार्जन तथा निर्माण गरिनेछ। | ससर्त, समपुरक, विशेष अनुदान सम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गरिएको तथा आयोजनाको प्रस्ताव तथा छनोट सम्बन्धी कार्यविधि र कर्णाली प्रदेश खर्च मापदण्ड तर्जुमा गरिएको। |
| १८९ | आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रणालीलाई थप सुदृढ गरी बेरुजु न्यूनीकरण तथा वित्तीय अनुशासन कायम गरिनेछ। | बेरुजुको अभिलेखीकरण तथा फस्यौंटका लागि कार्यदल गठन भई आवश्यक कार्य अघि बढेको, प्रदेशको एकिकृत वित्तीय जोखिम मुल्याङ्कन गरी प्रतिवेदन प्रकाशन गरिएको। |
| २०२ | माहुरीले मह सङ्कलन गरे जस्तै राज्यले कर सङ्कलन गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसात गर्दै वन, पर्यटन, कृषि जस्ता क्षेत्रको विकास र | गत आर्थिक वर्षको तुलनामा आन्तरिक राजस्वको दायरा र संकलनमा वृद्धि भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विस्तारमा असर नपर्ने गरी यस्ता क्षेत्रमा नयाँ कर प्रस्ताव गरेको छु। यसबाट करको दायरा विस्तार भइ आन्तरिक राजस्व परिचालन अभिवृद्धि हुने अपेक्षा गरेको छु। | |
| २०३ | प्रदेशभित्र रहेको खेतीयोग्य जमिनको उत्पादनशील उपयोग नगरी बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सामान्य कर प्रस्ताव गरेको छु। | प्रस्तावित शीर्षकमा कर संकलन हुन नसकेको। |
| २०४ | सङ्कलित राजस्व बाँडफाँट नगर्ने स्थानीय तहलाई आगामी आर्थिक वर्षमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको किस्ताबाट कट्टा गरी कर मिलान गर्ने व्यवस्था मिलाएको छु। | प्रदेश लेखा नियन्त्रक कार्यालय तथा इकाई कार्यालयहरूलाई आवश्यक कार्यान्वयनका लागि निर्देशन गरिएको। |
| २०५ | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०८१ तथा प्रचलित कानून विपरित ट्राफिक नियम उल्लङ्घन गरे बापत ट्राफिक प्रहरीले असुल गर्ने दण्ड जरिबाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग समन्वय गरिनेछ। | अन्तर सरकारी वित्त परिषद्को ११ औं बैठकमा लिखित रूपमा प्रस्ताव पेस भएको। |
| २०६ | प्रदेशको आन्तरिक राजस्वको प्रमुख स्रोतको रूपमा रहको घर जग्गा रजिष्ट्रेसन शुल्कको मूल आधारको रूपमा रहने जग्गाको न्यूनतम मूल्य निर्धारण समितिमा प्रदेशको अनिवार्य प्रतिनिधित्वका लागि कानुनी सुधार तथा प्रशासनिक समन्वयको लागि नेपाल सरकारसँग पहल गरिनेछ। | अन्तर सरकारी वित्त परिषद्को ११ औं बैठकमा लिखित रूपमा प्रस्ताव पेस भएको। |
| २०७ | प्रदेश सरकारको लगानीमा निर्माण भएका पर्यटकीय संरचनाबाट स्थानीय तह वा अन्य कुनै सङ्घ संस्था वा समिति मार्फत सङ्कलन हुने पर्यटन शुल्कको साझेदारी अंश निर्धारण | पर्यटन शुल्कको साझेदारी अंश प्रदेश सञ्चित कोषमा जम्मा गर्ने सम्बन्धमा गाउँपालिका राष्ट्रिय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरी प्रदेशले पाउने हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था मिलाएको छु। | महासङ्घ र नगरपालिका सङ्घसँग छलफल गरिएको। |
| २०८ | "कर्णालीको वनः कर्णालीकै धन" भन्ने नारालाई साकार पार्न प्रदेशभित्रका काष्ठ तथा गैरकाष्ठ वन पैदावारको कटान मुछान तथा बिक्री वितरणबाट प्राप्त आम्दानीमा शुल्क लगाई प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाईनेछ। | प्रदेशभित्रका काष्ठ तथा गैरकाष्ठ वन पैदावारको कटान मुछान तथा बिक्री वितरणबाट प्राप्त आम्दानीबाट शुल्क प्राप्त भई आन्तरिक राजस्व संकलनमा वृद्धि भएको। |
| २०९ | प्रदेश सरकारका निकायबाट विभिन्न व्यक्ति, समूह, संस्थालाई प्रदान गरिने नगद अनुदानमा भुक्तानी गर्दाकै बखत अनुदानग्राहीबाट न्यूनतम सेवा शुल्क कट्टा गरी बाँकी भुक्तानी हुने व्यवस्था मिलाएको छु। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |
| २१० | राजस्व परिचालनको सम्भाव्यता अध्ययन कार्यदलले दिएको सुझावका आधारमा राजस्व सुधार कार्ययोजना निर्माण गरी नेपाल सरकार, स्थानीय तह र करदाता समेतको सहयोग तथा समन्वयमा प्रदेश राजस्व प्रशासनको सुदृढीकरण गरी राजस्व परिचालन अभिवृद्धि गर्दै लगिनेछ। | राजस्व परिचालन अभिवृद्धि गर्न राजस्व सुधार कार्ययोजना तर्जुमाको चरणमा रहेको। |
| २११ | प्रदेशभित्र ईंटा, कंक्रिट-ब्लक उत्पादन गर्ने उद्योग, नदीजन्य पदार्थ प्रशोधन गर्ने उद्योग र प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग व्यवसायमा सामान्य वातावरण संरक्षण शुल्क लगाउने प्रस्ताव गरेको छु। | कार्यान्वयन हुन नसकेको। |
| २१२ | आगामी आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारका निकायको लागि राजस्वको लक्ष्य निर्धारण गरी सङ्कलन गर्न तथा स्थानीय तहलाई समेत राजस्व सङ्कलनको लक्ष्य | प्रदेश सरकारका निकाय, मालपोत कार्यालयहरू तथा स्थानीय तहहरूलाई राजस्वको लक्ष्य तोकी पठाइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तोकी राजस्व सङ्कलन तथा बाँडफाँट गर्न प्रेरित गरिनेछ। | |
| २१३ | सरकारी कार्यालयमा मर्मत सम्भार गरी पुनः प्रयोगमा आउन नसक्ने अवस्थामा रहेका पुराना सवारी साधन लिलाम गरी लगत कट्टा गर्दा पछिल्लो दुई वर्षको सवारी साधन कर बाहेक अन्य दस्तुर तथा जरिबाना नलाग्ने व्यवस्था मिलाएको छु। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |
| २१५ | प्रदेश व्यापार र व्यवसाय सञ्चालन सम्बन्धी कानून बमोजिम व्यवसाय दर्ता भई तोकिएको अवधिभित्र नवीकरण हुन नसकेका व्यावसायिक फर्म तथा उद्योगलाई सम्वत् २०८२ पौष मसान्तसम्म तोकिएको शुल्क तिरी नवीकरण गरेमा जरीबाना मिनाहा हुने व्यवस्था मिलाएको छु। | बजेट वक्तव्यमा उल्लेख भए बमोजिम कार्यान्वयन भइरहेको। |

## ७. आ.व. २०८२/८३ को चैत्रसम्म सम्पादन भएका प्रमुख कार्यहरूः

- आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारका निकायका लागि ७१ बुँदे र स्थानीय तहका लागि ३६ बुँदे मार्गदर्शन जारी गरिएको,
- आ.व. २०८२/८३ को बजेट वक्तव्य तथा बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन अनुसार आ.व. २०८२/८३ को लागि विभिन्न निकायहरूलाई तोकिएको आन्तरिक राजस्वको लक्ष्य तोकी पठाईएको,
- आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रमको बार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको,
- कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) सम्बन्धी ऐन, २०८१, कर्णाली प्रदेश कृषि व्यवसाय प्रवर्द्धन (पहिलो संशोधन) सम्बन्धी नियमावली, २०८२, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि, २०८२ उपर सम्बन्धित मन्त्रालयहरूलाई राय सहमति प्रदान गरिएको,

- कर्णाली प्रदेश स्याउ विकास बोर्ड गठन सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्न प्रस्ताव लैजान भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयाई सहमति प्रदान गरिएको।
- आ.व. २०८३/८४ का लागि समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना/कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गरी प्रस्ताव संकलन गरिएको।
- आन्तरिक राजस्व संकलन तथा परिचालन सम्बन्धमा सम्पूर्ण जिल्लाहरूमा स्थलगतरूपमा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- विभिन्न मन्त्रालयबाट माग भए बमोजिम बजेट रकमान्तर तथा राय सहमति प्रदान गर्ने कार्य नियमितरूपमा सम्पादन भइरहेको।
- स्थानीय तहमा हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण गरी बाँडफाँटको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाइएको,
- राजस्व सम्बन्धमा आवश्यक सुझाव प्रदान गर्न राजस्व परामर्श समिति तथा उप समितिहरू गठन भई आवश्यक कार्य भईरहेको।
- आ.व. २०८२/८३ को बजेटको समीक्षा गरी संशोधित अनुमान तयार गरेको,
- कर्णाली प्रदेश योजना आयोगबाट सिफारिस भई आएका योजनाहरू मध्ये ९१ वटा आयोजनालाई बहुवर्षिय स्रोत सहमति प्रदान गरिएको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ मा उल्लिखित प्रावधान अनुसार कर्णाली प्रदेश सरकारको आ.व. २०८३/८४ को आय-व्ययको प्रक्षेपण गरी सोको प्रतिवेदन नेपाल सरकार अर्थ मन्त्रालयमा पठाइएको,
- आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रमको अर्धवार्षिक समीक्षा गरी सोको प्रतिवेदन प्रकाशन गरिएको।
- आर्थिक सर्वेक्षणको लागि आवश्यक तयारी गरिएको।

## ८. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| ब.उ.शि.न. | ब.उ.शि.न.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९,५७,०० | ३,४६,१६ | ३६.१७ |

| ब.उ.शि.न. | ब.उ.शि.न.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५०१०११ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २,४५,०० | १,४७,०३ | ६०.०१ |
| ३०५०१०१२ | प्रदेश लेखा इकाई कार्यालयहरू | ६,६१,४५ | ३,६१,१६ | ५४.६ |
| ३०५०३०११ | जिल्ला सम्न्वय समितिहरू | १,५०,०० | ३०,२६ | २०.१८ |
| | जम्मा | २०,१३,४५ | ८,८४,६१ | ४३.९४ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतिहरूः

- नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट तथा रोयल्टी समयमै उपलब्ध नहुँदा बजेट कार्यान्वयन र वित्तीय व्यवस्थापन प्रभावित हुने गरेको।
- पुँजीगत खर्चको प्रगति अपेक्षाकृत न्यून रहनुका साथै आर्थिक वर्षको अन्त्यतिर खर्च केन्द्रित हुने "असारे खर्च" प्रवृत्तिले वित्तीय अनुशासन तथा खर्चको गुणस्तरमा चुनौती सिर्जना गरेको।
- विश्वसनीय तथ्याङ्क प्रणाली, अनुगमन तथा तथ्यगत विश्लेषण अभावका कारण योजना तथा कार्यक्रमको प्रगति मूल्याङ्कन प्रभावकारी हुन नसक्दा प्रतिवेदन प्रणाली औपचारिकतामा सीमित रहेको।
- आन्तरिक तथा बाह्य लेखापरीक्षणबाट प्राप्त सुझाव र औंल्याइएका कमजोरीहरूको प्रभावकारी कार्यान्वयनमा अपेक्षित प्रतिबद्धता तथा जवाफदेहिता अभाव रहेको।
- तहगत सरकारबीच अधिकार क्षेत्र तथा कार्यक्रम सञ्चालनमा रहेको अस्पष्टताका कारण आयोजनामा दोहोरोपन तथा स्रोतको प्रभावकारी उपयोग हुन नसकेको।
- अन्तरनिकाय समन्वयको कमजोरीका कारण बजेट कार्यान्वयन, आयोजना व्यवस्थापन तथा बजेट खर्च प्रभावित हुने गरेको।

## १०. आर्थिक वर्ष २०८२/८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १. | कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ |
| २. | कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ |

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| ३. | कर्णाली प्रदेश ससर्त, समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधिहरूको पहिलो संशोधन, २०८२ |
| ४. | आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८२ |
| ५. | कर्णाली प्रदेश खर्च मापदण्ड, २०८२ |

## ११. जनशक्तिको अवस्थाः

| कुल दरबन्दी सङ्ख्या | कुल पदपूर्ति सङ्ख्या | कुल रिक्त सङ्ख्या |
|---|---|---|
| ८८ | ७९ | ९ |

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

प्रदेशलाई औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी तथा बिदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यातजन्य पदार्थको उत्पादन गरी निर्यात गर्ने, लघु, घरेलु तथा साना उद्योगहरूको माध्यमबाट गरीबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मुर्त तथा अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रूपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतीमा टेवा पुऱ्याउने, वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ यो मन्त्रालयको स्थापना मिति २०७४/११/०३ गते भएको हो।

## २. दीर्घकालिन सोचः

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको सम्बृद्धि।

## ३. ध्येयः

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, संस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

## ४. रणनीतिक उद्देश्यहरूः

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्दती अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वनक्षेत्रको उत्पादकत्व वृद्धि गर्ने।

- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवाहरू वृक्षारोपण अभियानको रूपमा सञ्चालन गर्ने।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरण गर्ने।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्बर्द्धन गर्ने।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वनबुट्यान, बीउ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने।
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाइ गर्दै सार्वजनिक स्थल, नदी किनार, सडकछेउ, खोल्सा-खोल्सीमा बाँस, अम्रिसो, फलफुल लगायतका आयमुलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग मार्फत सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रूपमा विकसित गर्ने।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

## ५. मन्त्रालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क.सं. | कार्यक्षेत्र |
|---|---|
| १. | व्यापार/वाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण। |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन। |
| ३. | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन। |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता। |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन। |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, |

| क.सं. | कार्यक्षेत्र |
|---|---|
| | लगत संकलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संङ्घसँग समन्वय। |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी। |
| ८. | कलकारखाना र औद्योगिकिकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जूमा, कार्यान्वयन र नियमन। |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन। |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जूमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना सञ्चालन र विस्तार। |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन। |
| १२. | सार्वजानिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपुर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन। |
| १३. | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन। |
| १४. | मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन। |
| १५. | सङ्घीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन। |
| १६. | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय। |
| १७. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन। |
| १८. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन। |
| १९. | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जूमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन। |
| २०. | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २१. | प्रदेशस्तरमा हानीकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन। |
| २२. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन। |

| क्र.सं. | कार्यक्षेत्र |
|---|---|
| २३. | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी। |
| २४. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २५. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन। |
| २६. | उद्योगमा श्रममुलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग। |
| २७. | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन। |
| २८. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता। |
| २९. | श्रमिक एवम् श्रमिकको समाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन। |
| ३०. | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना। |
| ३१. | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरूपण। |
| ३२. | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन। |
| ३३. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| ३४. | पर्यटक प्रहरी व्यवस्थापन। |
| ३५. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन। |
| ३६. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ३७. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण। |
| ३८. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन। |
| ३९. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन। |
| ४०. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन। |
| ४१. | जडीबुटीखेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन। |
| ४२. | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह। |

| क्र.सं. | कार्यक्षेत्र |
|---|---|
| ४३. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग। |
| ४४. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन। |
| ४५. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एंव लाभांश बाँडफाँट। |
| ४६. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन। |
| ४७. | प्रदेश भित्र भू-स्खलन नियन्त्रण। |
| ४८. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन। |
| ४९. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ५०. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना। |
| ५१. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार। |
| ५२. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन। |
| ५३. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण। |
| ५४. | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातारणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन। |
| ५५. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन। |
| ५६. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण। |
| ५७. | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन। |
| ५८. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण। |
| ५९. | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन। |
| ६०. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन। |
| ६१. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| ६२. | प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन। |

| क.सं. | कार्यक्षेत्र |
|---|---|
| ६३. | बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जूमा, कार्यान्वयन र नियमन। |
| ६४. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग। |
| ६५. | वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास। |
| ६६. | विज्ञान संग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र व्यवस्थापन। |

## ६. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित विषयहरूको २०८२ चैत्रसम्मको प्रगति विवरणः

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| ३१ | निजी क्षेत्रका रोजगारदाताको सहकार्यमा बजार मागमा आधारित उद्यमशीलता विकास एवम् सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशमा नवप्रवर्तनशील सोच भएका युवा लक्षित नयाँ उद्यम विकासको वातावरण निर्माण गर्न स्टार्टअप फण्ड र बिजनेस इन्क्युबेसन सेन्टर स्थापनाको कार्यलाई अगाडि बढाइनेछ। यस्ता उद्योगबाट उत्पादित वस्तु तथा सेवाको गुणस्तरीयता कायम गरी बजारीकरणका लागि सहयोग र सहजीकरण गरिनेछ। | बजार मागमा आधारित सीप विकास तालिम कार्यक्रम सञ्चालनमा रहेको। बिजनेस इन्क्युबेसन सेन्टर सञ्चालनका लागि आवेदन संकलन भई मुल्याङ्कनको प्रकृयामा रहेको। |
| ३२ | भूकम्प प्रभावित क्षेत्रका युवालाई लक्षित गरी उद्यमशीलतामा आधारित कर्जामा ब्याज अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। मध्यमस्तर व्यवसाय रणनीति तर्जुमा गरी साना तथा मझौलास्तरका उद्यम व्यवसाय (एस एम इ) लाई प्रवर्द्धन गर्न ब्याज अनुदान, सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। | कार्यक्रमहरू संचालन भईरहेका। |
| ३३ | विदेशको अनुभव स्वदेशमा अवसर (रिटर्नी रिटेन) भन्ने सोचका साथ वैदेशिक रोजगारीबाट फर्केका युवा जनशक्तिसँग भएको ज्ञान, सीप, अनुभव, पुंजीको अभिलेखीकरण गरी सीप प्रमाणीकरण मार्फत सोको | कार्यक्रमहरू संचालन भईरहेका। |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | उपयोग गरिनेछ। रिटर्नी युवाहरूलाई प्रदेशमै उद्यम व्यवसाय सञ्चालन गर्न कर्जामा सहजीकरण र ब्याज अनुदान दिने नीति लिइनेछ। | |
| ३४ | नवप्रवर्तन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न आवश्यक सहयोग र सहुलियत प्रदान गरिनेछ। प्रदेशमा भएका बहुमूल्य स्लेट, पत्थर र खरिढुङ्गाको उपयोग बढाउन सम्भाव्यता अध्ययन गरी उद्योग सञ्चालनका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। | - |
| ३५ | दलित समुदायको परम्परागत ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्दै पेसाको आधुनिकीकरण तथा व्यवसायीकरण मार्फत उनीहरूको जीविकोपार्जन, आर्थिक उन्नति, सामाजिक प्रतिष्ठा र सम्मान अभिवृद्धि गर्ने मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धी कानूनलाई समसामयीक बनाइनेछ। | - |
| ३६ | " मेक इन कर्णाली" लाई प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार तथा सीप विकास कार्यक्रममा जोड दिइनेछ। "मेक इन कर्णाली" र "मेड इन कर्णाली" अभियान अन्तर्गत निजी लगानीकर्ताको आकर्षण र प्रदेशभित्र स्थापना हुने उत्पादनमूलक उद्योगको स्थायित्व तथा वस्तुको उत्पादन एवम् उपभोग अभिवृद्धिका लागि त्यस्ता उत्पादनलाई प्रदेश सरकारका निकायबाट खरिद गर्दा प्राथमिकता दिइनेछ। प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीलाई शुक्रबार प्रदेशमै उत्पादित कर्णालीको पहिचान झल्किने पोसाक लगाउन प्रोत्साहन गरिनेछ। "प्रादेशिक औद्योगिक क्षेत्र" निर्माणका लागि जग्गा प्राप्ति र सोको पूर्वाधार निर्माण सम्बन्धी कार्यहरू सञ्चालन गरिनेछ। | प्रादेशिक औद्योगिक क्षेत्र निर्माणका लागि जग्गा प्राप्ती गर्न आवश्यक छलफल भईरहेको। |
| ३७ | प्रदेशमा तुलानात्मक लाभ भएका क्षेत्र पहिचान गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै उद्योग क्षेत्रको विकास र विस्तार तथा उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा जोड दिइनेछ। प्रदेशको भौगोलिक | E-Saugat सफ्ट्वेर निर्माण भएको। |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | विशिष्टता, कच्चा पदार्थको उपलब्धता, बजारको संरचना, श्रम र प्रविधिको उपलब्धता, उत्पादन तथा निर्यातको सम्भावनाका आधारमा सम्भाव्यता अध्ययन गरी औद्योगिक नक्साङ्कन गरिनेछ। ई-कमर्स मार्फत व्यवसाय विस्तार र प्रवर्द्धन गर्ने नीति लिइनेछ। | |
| ३८ | प्रदेश व्यापार व्यवसाय सञ्चालन सम्बन्धी कानून बमोजिम व्यवसाय दर्ता भई तोकिएको अवधिभित्र नवीकरण हुन नसकेका व्यावसायिक फर्म तथा उद्योग व्यवसायलाई नवीकरणका लागि सहुलियत दिन नीतिगत व्यवस्था गरिनेछ। | - |
| ३९ | नेपाल सरकार र स्थानीय तह समेतको समन्वय र सहकार्यमा उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना, अस्वाभाविक मूल्यवृद्धि लगायतका कार्यको नियमन तथा नियन्त्रण गरिनेछ। अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी आपूर्ति प्रणालीलाई सुदृढीकरण गरिनेछ। | बजार अनुगमन तथा उपभोक्ता सचेतना कार्यक्रम निरन्तर भईरहेको। |
| ४० | प्रदेश राजधानी तथा प्रमुख आर्थिक केन्द्रहरू जोड्न आर्थिक करिडोरमा विद्यमान आपूर्ति शृङ्खलाको सबलीकरण गरिनेछ। विकट क्षेत्रमा औषधी, खाद्यान्न, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री जस्ता अत्यावश्यक वस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाईनेछ। | निरन्तर भईरहेको। |
| ४१ | प्रदेशको चुरे क्षेत्रमा संवेदनशील जलाधार व्यवस्थापन तथा भू-संरक्षणका क्रियाकलाप सञ्चालन गरिनेछ। जोखिममा रहेका जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि भू-तथा जलाधार संरक्षणका कार्यक्रमलाई समुदायमुखी र एकिकृत जलाधार व्यवस्थापन पद्धतिबाट सञ्चालन गरिनेछ। पानी मुहान क्षेत्र पहिचान गरी सुकेका पानीका मूलहरू पहिलेकै अवस्थामा फर्काउन आवश्यक कार्यक्रमलाई निरन्तरता | कार्यक्रम निरन्तर सञ्चालनमा रहेको। |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | दिइनेछ। ठूला पूर्वाधार संरचना निर्माण गर्दा जमिनमा जल पुनर्भरणलाई प्रोत्साहन गरिनेछ। | |
| ४२ | प्राकृतिक रूपमा वर्षे पानी सङ्कलन, पानी स्रोत संरक्षण तथा व्यवस्थापनका लागि प्राकृतिक रिचार्ज पोखरी निर्माणलाई प्राथमिकतामा राखिनेछ। कर्णाली र भेरी नदी प्रणाली एकिकृत जलाधार व्यवस्थापन योजना बमोजिम माथिल्लो र तल्लो तटीय सम्बन्धका आधारमा जलाधार क्षेत्रमा सञ्चालन भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ। | जलाधार संरक्षणका कार्यक्रम सञ्चालनमा रहेको। |
| ४३ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी नीति, रणनीति तथा कार्ययोजना तर्जुमा गरिनेछ। जलवायु परिवर्तन संवेदनशील उच्च हिमाली तथा पहाडी जिल्लामा परम्परागत अनुकूलनका उपायहरूको पहिचान तथा प्रवर्द्धनमा जोड दिइनेछ। जलवायु सङ्कटासन्न समुदाय, क्षेत्रको पहिचान गरी प्रभाव न्यूनीकरण र जलवायु उत्थानशील कार्यक्रम सञ्चालन गरिनेछ। वातावरण प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गर्दै वातावरणीय स्वच्छता कायम गरिनेछ। | जलवायु अनुकूलन रणनीति मस्यौदा तयारी भएको। |
| ४४ | समुदायमा आधारित वन व्यवस्थापन पद्धतिलाई अनुशरण गर्दै वन तथा वातावरण संरक्षण गरिनेछ। व्यवस्थित वन क्षेत्र तथा सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन पद्धति लागू गरी प्रदेशलाई काठ दाउरामा आत्मनिर्भर बनाइनेछ। पाटन, खर्क तथा महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्रहरूको पहिचान, नक्साङ्कन तथा उपयोग गरी प्रदेशको आर्थिक समृद्धिमा टेवा पुऱ्याइनेछ। | दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा रहेको। |
| ४५ | संरक्षित क्षेत्र बाहिर बासस्थान भएका हिउँचितुवा, रेडपाण्डा, कस्तुरी मृग लगायतका पारिस्थितिकीय रूपले महत्त्वपूर्ण प्रजातिको संरक्षण तथा प्रचारप्रसार मार्फत पर्यटक आकर्षण गरिनेछ। सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण साथै मानव र वन्यजन्तुको द्वन्द्व | रेडपाण्डा संरक्षण तथा लोपोन्मुख बन्यजन्तु संरक्षण कार्यक्रम सञ्चालनमा रहेको। |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | नियन्त्रण गरी सहअस्तित्व कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | |
| ४६ | जडिबुटी तथा कृषिजन्य उद्योगको स्थापना र उत्पादित कृषि उपजको मूल्य श्रृङ्खला, बजारीकरण र उपयोगिता विस्तारका लागि शीतभण्डार लगायतका पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। खोटो प्रशोधन, प्लाइउड तथा पार्टिकलबोर्ड, कृषिजन्य उद्योग, काष्ठ उपचार (उड सिजनिङ्ग) तथा जडिबुटी प्रशोधन उद्योग लगायतका उद्योग स्थापना र सञ्चालनका लागि ब्याज अनुदानको नीति लिइनेछ। | जडीबुटी प्रशोधन तथा प्रवर्द्धन उद्योग सञ्चालनका लागि प्रयास भैरहेको। |
| ४७ | कर्णालीको जडिबुटी, प्रदेशको ढुकुटी भन्ने अभिप्रायले सुगन्धित वनस्पति तथा जडिबुटी संरक्षण, संकलन, प्रशोधन, मूल्य श्रृङ्खला अभिवृद्धि तथा बजारीकरण गर्दै कर्णाली प्रदेशलाई जडिबुटी हबका रूपमा विकास गर्न जडिबुटी सङ्कलनको प्रमुख गन्तव्यको रूपमा रहेका पाटन तथा खर्कहरूको दिगो व्यवस्थापनका लागि "लेक तथा पाटन खर्क संरक्षण कार्यक्रम" सञ्चालन गरिनेछ। | पाटन खर्क रणनीति स्वीकृत भई कार्यान्वयनमा रहेको। |
| ४८ | विपद्का कारणले हुन सक्ने वन विनाशलाई रोक्न आधुनिक प्रविधि तथा नवप्रवर्तनकारी कार्यक्रम सञ्चालन गरिनेछ। शहरी नदी किनारा संरक्षण, शहरी सौन्दर्यता, स्वच्छता कायम गरी शहरी हरियाली प्रवर्द्धन गरिनेछ। | शहरी हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वृक्षारोपण कार्यक्रम सञ्चालनमा रहेका। |
| ४९ | सङ्घीय सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थललाई विस्तार र थप पूर्वाधार विकास गरिनेछ। विमानस्थल विस्तार गर्दा विद्यालय, सडक लगायतका भौतिक संरचना स्थानान्तरण तथा निर्माणको आवश्यक व्यवस्था मिलाईनेछ। दीर्घकालीन आवश्यकतालाई सम्बोधन गर्न सुर्खेतमा प्रादेशिक विमानस्थल निर्माणका लागि सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ। प्रदेशभित्रको हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सुर्खेत विमानस्थललाई केन्द्र बनाएर | हवाई सहुलियत कार्यक्रमका लागि एयरलाईन्स तथा सङ्घीय सरकारसँग छलफल तथा समन्वय भईरहेको। |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | प्रदेशभित्रका विमानस्थलमा नियमित उडान गर्ने हवाई सेवा प्रदायकलाई सहुलियत प्रदान गर्ने नीति लिइनेछ। | |
| ५० | निजी क्षेत्र र अन्य सरोकारवाला समेतको सहयोग र सहकार्यमा कर्णाली प्रदेश पर्यटन गुरुयोजना अनुरूप कार्ययोजना तर्जुमा गरी कर्णालीलाई "सुरक्षित पर्यटन गन्तव्य" को रूपमा विकास गरिनेछ। मनोरञ्जनात्मक पर्यटन, शहरी सुन्दरता अभिवृद्धि, खुला क्षेत्रको प्रवर्द्धन तथा पर्यापर्यटनको विकासका लागि सम्भावित स्थानमा हरित उद्यान तथा पार्क निर्माण गर्ने नीति लिइनेछ। बुलबुले उद्यान क्षेत्र लगायत अन्य सम्भाव्य क्षेत्रलाई इकोलोजिकल गार्डेनिङ्गको रूपमा विकास गर्दै लगिनेछ। कुपिण्डे दह, स्यार्पु ताल लगायतका जलाधार क्षेत्र संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ। | कुपिण्डे दह र स्यार्पु ताल संरक्षण तथा व्यवस्थापन कार्य सञ्चालनमा रहेको। |
| ५१ | निजी क्षेत्र र स्थानीय तहसमेतको समन्वय र साझेदारीमा रक क्लाइम्बिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, र्‍याफ्टिङ्ग, अल्ट्रा म्याराथुन, हिमालयन ट्रेल रेस, स्नो स्की, भिरमौरी हार्भेस्टिङ्ग लगायतका साहसिक पर्यटकीय तथा होमस्टे गोठस्टे प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। | जुम्ला रारा अल्ट्रा म्याराथुन सञ्चालनमा रहेको। |
| ५२ | पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना र डिजिटल म्याप एप निर्माण गरी सञ्चालनमा ल्याइनेछ। कर्णाली प्रदेशमा रहेका प्रमुख पर्यटन सम्पदाको बारेमा जानकारीमूलक पर्यटक गाइड बुक तयार गरिनेछ। पर्यटकलाई निर्भयका साथ घुमफिर गर्ने वातावरण निर्माण गर्न पर्यटकको सुरक्षा र अप्ठ्यारो परिस्थितिमा तत्काल सहयोग गर्ने नीति लिइनेछ। | - |
| ५३ | महत्त्वपूर्ण पर्यटकीय सम्पदा र स्थललाई पहुँचयोग्य बनाई **"संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली"** भन्ने अभियानका साथ प्रदेशका मुख्य पर्यटकीय गन्तव्यलाई विश्व पर्यटनको मूल्य श्रृङखलासँग आबद्ध गर्न पर्यटन क्षेत्रको विकासमा लगानी वृद्धि गरिनेछ। | - |

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | प्रगति |
|---|---|---|
| | गैरआवासीय नेपाली मार्फत प्रदेशका पर्यटकीय क्षेत्रको प्रचारप्रसार एवम् पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ। धार्मिक, सांस्कृतिक र आरोग्य पर्यटन प्रवर्द्धन गरिनेछ। शे-फोक्सुण्डो तथा रारा ताल जस्ता अनुपम प्राकृतिक सम्पदासम्मको सुरक्षित पहुँचमार्ग निर्माण र विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ। | |

## ७. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू.हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४२७९९८ | ६१७८८८ | २५.४५ |
| | **कुल जम्मा** | **२४२७९९८** | **६१७८८८** | **२५.४५** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ८. आर्थिक वर्ष २०८२/८३ को चैत्रसम्मको प्रगति विवरणः

*(रू.हजारमा)*

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०७०००११ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५७७१८ | ३५१७२ | २२.३ |
| २ | ३०७०१०११ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ३०५४२ | १२११७ | ३९.६७ |
| ३ | ३०७०१०१२ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू | १३६४८५ | ५३९५९ | ३९.५३ |
| ४ | ३०७०१९०१ | सीप विकास तथा रोजगारमुलक तालिम | ३७३०० | १७१२८ | ४५.९२ |

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ५ | ३०७०१९०२ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | ४३५८९ | १८९ | ०.४३ |
| ६ | ३०७०२०११ | वन तथा वातावरण निर्देशनालय | ५२८८५ | १६१७२ | ३०.५८ |
| ७ | ३०७०२०१२ | डिभिजन वन कार्यालयहरू | ५२९११५ | ३०५८३० | ५७.८० |
| ८ | ३०७०२९०१ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | ४४७५० | २५६९३ | ५७.४१ |
| ९ | ३०७०२९०२ | एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम | २६८५०० | ४९४२८ | १८.४१ |
| १० | ३०७०२९०३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/ पर्यापर्यटन विकास | ५०४००० | ४४०२७ | ८.७४ |
| ११ | ३०७०२९०४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | ८५०८५ | २२२२९ | २६.१३ |
| १२ | ३०७०३०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | २२१५० | १२०९२ | ५४.५९ |
| १३ | ३०७०३९०१ | अनुसन्धान तथा विकास | ७००० | २९५ | ४.२१ |
| १४ | ३०७८१९०१ | पर्यटन प्रवर्द्धन समिति | ३९३० | ० | ० |
| १५ | ३०७९१०११ | जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना (सङ्घ ससर्त अनुदान) | १९२५४७ | १९७५ | १.०३ |
| १६ | ३०७९१०१२ | रोजगार प्रवर्द्धन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ५७५१ | २९५३ | ५१.३४ |
| १७ | ३०७९११२० | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १३०००० | १७१९ | १.३२ |
| १८ | ३०७९११२१ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४२८०० | १०९२४ | २५.५२ |

| क्र. सं. | बजेट कोड | बजेट उपशीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १९ | ३०७९११२२ | वातावरण विभाग (सङ्घ ससर्त अनुदान) | ५०५०० | ० | ० |
| २० | ३०७९११२४ | जडिबुटी विकास कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ७७००० | १०९७ | १.४२ |
| २१ | ३०७९११२९ | डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत) (सङ्घ ससर्त अनुदान) | ६९०० | ४८८९ | ७०.८६ |
| | | **कुल जम्मा** | **२४२७९९८** | **६१७८८८** | **२५.४५** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८२/०८३ को चैत्र मसान्तसम्म संकलन भएको आन्तरिक राजस्वको विवरणः

| राजस्व शीर्षक | चैत्र महिनासम्मको जम्मा |
|---|---|
| सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ११४५२२२ |
| सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त रकम | १०४५१० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ६८२६९ |
| अन्य प्रशासनिक सेवा शुल्क | ६५३०७५३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४५०१३७० |
| वन क्षेत्रको अन्य आय | ३८२५१५८० |
| न्यायिक दण्ड, जरिबाना र जफत | १११२५ |
| प्रशासनिक दण्ड, जरिबाना र जफत | २३६०० |
| धरौटी सदरस्याहा | १३८५४८१ |
| अन्य राजस्व | ६११५० |
| बेरूजू | २६७६४८५ |
| वन क्षेत्रको रोयल्टी | ४३७२५४१३ |
| **कुल जम्मा** | **९८४८४९५८** |

## १०. आर्थिक वर्ष २०८२/०८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

| क्र.सं. | स्वीकृत कार्यविधि |
|---|---|
| १. | वार्षिक कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०८२ |
| २. | कर्णाली प्रदेश बिजनेस ईन्क्युवेसन सेन्टर स्थापना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ |
| ३. | ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०८२ |
| ४. | कर्णाली प्रदेश वन सेवाका कर्मचारीको फिल्ड स्तरमा प्रयोग हुने पोशाक सम्बन्धी ड्रेसकोड कार्यविधि, २०८२ |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०८२ |
| ६. | वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन दिग्दर्शन, २०८२ |
| ७. | पाटन खर्क रणनीति, (२०२६-२०३६) |

## ११. आर्थिक वर्ष २०८२/०८३ को चैत्र मसान्तसम्म सम्पादित मुख्य मुख्य क्रियाकलापहरूः

- ५ वटा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरिएको।
- १४८३ हेक्टर वनक्षेत्रमा भएको अतिक्रमण नियन्त्रण गरिएको।
- ४४०३४ क्यू. फिट काठ उत्पादन भई बिक्री वितरण भएको।
- ३६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको, थप क्षेत्रमा वृक्षारोपणका कार्यहरू भइरहेका।
- काँक्रेविहार वरिपरी कम्पाउण्ड वाल निर्माण आयोजनाको रोकिएको निर्माण कार्य अगाडि बढाउन पहल भएको।
- पहिरो रोकथाम, नदी कटान नियन्त्रण, भू-संरक्षण लगायतका कार्यहरू गरिएको, प्राकृतिक रिचार्ज पोखरीहरू निर्माण, पानी मुहानहरूको संरक्षण तथा सिमसार क्षेत्रको व्यवस्थापन गरिएको।
- बुलबुले गुरुयोजना कार्यान्वयन मार्फत बुलबुले डक एण्ड फिस पोन्ड निर्माण कार्य सञ्चालन गरिएको।

- उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरूबाट सबै जिल्लाहरूमा सीप प्रतियोगिता, उद्यमशीलता विकास तथा सीप विकास तालिमहरू सञ्चालन गरिएको, मेसिनरी औजारहरू वितरण भएको तथा बजार अनुगमनका कार्यहरू सञ्चालन गरिएको।
- लक्षित वर्ग विशेष कार्यक्रमहरू सञ्चालन भएको, मेला महोत्सवमा उत्पादित वस्तुहरू प्रदर्शन गर्न उद्यमी र उद्योगीहरूलाई सहयोग गरिएको।

## १२. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतिहरूः

- भू तथा जलाधार कार्यालयको कार्यक्षेत्र ठुलो भएकोले कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाई भएको।
- डिभिजन वन कार्यालयबाट पर्यटन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न कठिनाई भएको।
- साना तथा मझौला उद्योगलाई व्यवसाय सञ्चालनको लागि ब्याज अनुदान कार्यविधि र भुकम्प प्रभावित क्षेत्रको युवा उद्यमीलाई कर्जा ब्याज अनुदान कार्यक्रम कार्यविधि निर्माण भई बैंक सुचीकरणका लागि सूचना आह्वान भएको ।
- मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रमको नियमावली संशोधन नहुँदा कार्यक्रम कार्यान्वयनमा कठिनाई भएको।
- सब डिभिजन वन कार्यालयको आफ्नै भवन नभएकोले कार्यालय सञ्चालनमा कठिनाई भएको।

## १३. जनशक्तिको अवस्थाः

| कुल दरबन्दी | कुल पदपूर्ति संख्या | कुल रिक्त संख्या |
|---|---|---|
| ७५१ | ६०५ | १४६ |

# जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

## १. पृष्ठभूमिः

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपुर्ण साधन हो। कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत उत्पादन क्षमता करिब २०,००० मेगावाट रहेको र प्रथम पञ्चवर्षीय योजनामा कर्णाली समृद्धिको प्रमुख सम्बाहकको रूपमा जलविद्युतलाई अङ्गीकार गर्दै योजना अवधिमा २०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएता पनि उक्त अवधिमा ऊर्जा विकासको क्षेत्रमा ऊर्जा विकास, विस्तार र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वयन गर्न प्रदेशस्तरमा एउटा छुट्टै कार्यालय स्थापना गर्ने नीतिगत निर्णय, ग्रामीण विद्युतीकरण कार्यक्रम मार्फत केही दुर्गम बस्तीहरूमा विद्युत सेवामा पहुच वृद्धि र सोलार मिनिग्रिड लगायत नवीकरणीय ऊर्जाको क्षेत्रमा केही जिल्लामा साना आयोजना सञ्चालन बाहेक लक्ष्य अनुसारको उल्लेखनीय प्रगति हासिल हुन नसकेको अवस्था छ। कर्णाली प्रदेशबाट हालसम्म ८.५५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आबद्ध छ। जलविद्युत सेवाको पहुँच प्रदेशको ७४.३ प्रतिशत जनतामा मात्र पुगेको छ। अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच विस्तार गर्न, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न, दिगो विकास लक्ष्य पुरा गर्न एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ।

वैकल्पिक र नवीकरणीय ऊर्जाको क्षेत्रमा भएको नवप्रवर्तन र प्रगतिबाट प्रदेशले फाइदा लिन सकिने देखिएको छ। हाल प्रदेशको कूल ऊर्जा खपतमा वैकल्पिक ऊर्जाको योगदान १६.६३ प्रतिशत रहेको छ। जसमा लघु जलविद्युतबाट ६.५३ मेगावाट र जडित सौर्य ऊर्जाबाट १.२६ मेगावाट हुन आउँछ। वैकल्पिक ऊर्जाको उपयोगबाट छरिएर रहेका गाउँ बस्तीहरूलाई उज्यालो पार्नुका साथै नागरिकहरूको ऊर्जाको आवश्यकता सुपथ र सुलभ रूपमा पुरा गर्न सकिन्छ। प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास गरी प्रदेशको ऊर्जाको आवश्यकतालाई पुरा गर्नेछ।

कर्णाली प्रदेशको खेतीयोग्य जमिनको २७.२२ प्रतिशतमा मात्र वर्षैंभरी सिंचाई सुविधा उपलब्ध छ। हिमाली, उच्च पहाडी तथा केही न्यून मात्रामा भित्री मधेश रहेको यस

प्रदेशमा परम्परागत सतह सिंचाईबाट जम्मा ३० हजार ३ सय ९६ हेक्टर जमिनमा मात्र सिंचाई सेवा उपलब्ध हुन सक्ने देखिन्छ भने थप ६९ हजार ५ सय ९७ हेक्टर जमिनमा लिफ्ट सिंचाई प्रणाली मार्फत सिंचाई सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सतह सिंचाई, नयाँ प्रविधिमा आधारित सिंचाई, भूमिगत सिंचाई तथा वर्षातको पानी संङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार हुँदै आइरहेको छ। योजना अवधिमा सिंचाई हुन बाँकी खेतीयोग्य जमिनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टावर, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरू तथा पानी भण्डारण सहितका ठुला सतह सिंचाई आयोजनाहरू, लिफ्ट प्रविधिमा आधारित ठुला आयोजनाहरू र बिगतमा निर्माण भएका र परम्परागत रूपमा कृषक समुहबाट सञ्चालन गरिएका तर बाढी पहिरो लगायत विभिन्न कारणले सञ्चालनमा नरहेका सम्पूर्ण आयोजनाहरूलाई आवश्यक मर्मत सुधार तथा पुनःस्थापना कार्यक्रम मार्फत सिंचाई सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ९३.६ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ। कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरिरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको सेवाहरू सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, पहुँचयोग्य, सर्वसुलभ हुन जरुरी छ। यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस मन्त्रालयको निरन्तर प्रयास रहेको छ।

## २. दीर्घकालीन सोचः

- जलविद्युतको उत्पादनबाट समृद्धि।
- वैकल्पिक ऊर्जा मार्फत ऊर्जामा पहुँच विस्तार।
- दिगो सिंचाई उपलब्धताबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि।
- स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

## ३. ध्येयः

- जल विद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु।
- न्यून कार्बन उत्सर्जनको माध्यमले वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुर्‍याउनु।
- परम्परागत तथा आधुनिक सिंचाई प्रविधिसहितका सिंचाई संरचना निर्माण तथा मर्मत सुधार गरी अधिकतम कृषियोग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराउनु।
- सबैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरूलाई सफा सुग्घर बनाई पूर्ण सरसफाइतर्फ अग्रसर बनाउनु।

## ४. रणनीतिक उद्देश्यहरूः

| रणनीति | कार्यनीति |
|---|---|
| **जलविद्युत** | |
| सङ्घसँगको समन्वयमा जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति, नियम तथा संस्थागत संरचना निर्माण गरी लगानी जुटाउन पहल गर्ने। | • जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा संरचनाहरूको व्यवस्था गरिनेछ।<br>• वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदनका आधारमा प्राथमिकता अनुसार कार्यान्वयन गरिनेछ।<br>• विद्युत खरिद सम्झौता भई निर्माणमा रहेका जलविद्युत आयोजनाहरूलाई समयमै सम्पन्न गर्न लगानीको लागि पहल गरिनेछ।<br>• जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय, नेपाल विद्युत प्राधिकरण र अन्य सरोकारवालाहरूको एकिकृत कार्ययोजना बनाइनेछ।<br>• ऊर्जा विकास जस्तो जटिल, बहुप्रविधि र व्यवस्थापकीय चुनौती भएको विकास कार्यक्रम समेत जिल्लास्तरीय कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी विद्यमान संगठन संरचना हुँदा ऊर्जा विकास सम्बन्धी आयोजनाहरू सुरुवातसम्म हुन नसकेको अवस्थालाई ध्यानमा राखी ऊर्जा विकास, विस्तार र व्यवस्थापनको एकिकृत |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रम कार्यान्वयन गर्न प्रदेशस्तरमा छुट्टै कार्यालय स्थापना गरिनेछ। |
| विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाईनहरू निर्माण गर्ने। | • उत्पादित विद्युतलाई वितरण लाईनसँग जोड्न र राष्ट्रिय ग्रीडमा प्रवाह गराउन आन्तरिक प्रसारण लाईन निर्माण गरिनेछ।<br>• विद्युत वितरण प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन क्रमिक रूपमा वितरण प्रणाली स्वचालन एवम् स्मार्ट ग्रीड बनाउदै लगिनेछ।<br>• एकिकृत जलस्रोत तथा ऊर्जा विकास योजना तयार गरी कार्यान्वयन र लगानी सुनिश्चित गरिनेछ। |
| प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू सञ्चालन गर्ने। | • प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू निर्माणका लागि स्थानीय तह, निजी क्षेत्र र स्थानीय नागरिक तथा गैरआवासीय नेपाली नागरिकलाई शेयर लगानी गर्ने अवसर उपलब्ध गराइनेछ।<br>• आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि प्रदेश तथा जिल्ला ऊर्जा समन्वय समिति गठन गरिनेछ।<br>• निजी क्षेत्र समेतको सहभागितामा विद्युतबाट सञ्चालित सवारी साधनको प्रवर्द्धन गर्न आवश्यक चार्जिङ्ग स्टेशन क्रमशः स्थापना गरिनेछ।<br>• प्रदेशस्तरीय जलविद्युत आयोजनाहरू विकास र व्यवस्थापनको सम्पूर्ण कार्य जिम्मेवारी रहने गरी प्रदेशस्तरमा ऊर्जा विकास सम्बन्धी एकिकृत कार्यक्रम कार्यान्वयन गर्न छुट्टै कार्यालय स्थापना गरिनेछ र आवश्यकताको आधारमा थप आयोजना कार्यालय स्थापना गरिने छ। |
| **वैकल्पिक ऊर्जा** | |

| रणनीति | कार्यनीति |
|---|---|
| वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने। | • वैकल्पिक ऊर्जाको उपयोगको प्रवर्द्धन, विकास एवम् विस्तार गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>• वैकल्पिक ऊर्जालाई अस्पताल, विद्यालय, पर्यटकीय स्थल, पदमार्ग आदिमा आधारभूत ऊर्जाको भरपर्दो स्रोतका रूपमा विकास गरिनेछ।<br>• वैकल्पिक ऊर्जा प्रयोग गरी लघु तथा साना उद्यमहरूको प्रर्वद्धन गरिनेछ।<br>• सर्भे र निर्माणका लागि लाईसेन्स सम्बन्धी समन्वयात्मक ढङ्गले आवश्यक वातावरण सुनिश्चित गरिनेछ।<br>• बैकल्पिक ऊर्जा आयोजनाहरूको दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ।<br>• विद्युतीय चुलो तथा विद्युतीय सवारी साधनहरूको प्रयोग अभिवृद्धि गरी आयातित पेट्रोलियम पदार्थलाई कम गरी कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्दै लगिनेछ। |
| स्थानीय तहसँगको समन्वयमा वैकल्पिक ऊर्जा सम्बन्धी आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति, नियम तथा संस्थागत संरचना निर्माण गर्ने। | • वैकल्पिक ऊर्जा लगायत जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा संरचनाहरूको व्यवस्था गरिनेछ।<br>• वैकल्पिक ऊर्जा तथा जलबिद्युतको विकास र व्यवस्थापनको एकिकृत कार्यक्रम कार्यान्वयन गर्न प्रदेश स्तरमा छुट्टै कार्यालय स्थापना गरिनेछ। |
| स्थानीयबासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने। | • स्थानीय तहहरूलाई वैकल्पिक ऊर्जाको विकासका लागि क्षमता अभिवृद्धि एवम् स्रोत परिचालन गर्न सहयोग गरिनेछ।<br>• जैविक स्रोतको उपयोगबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • कृषि तथा पशुपन्छीबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ। |
| **सिंचाई** | |
| सिंचाई विकासको नीति तथा गुरुयोजना तयार गर्ने। | • सिंचाई सम्बन्धी विद्यमान नीतिहरूमा आवश्यक परिमार्जन गरी जनशक्ति तथा साङ्गठनिक क्षमता अभिवृद्धि गरिनेछ।<br>• प्रदेश सिंचाई विकासको गुरुयोजना तयार गरी सो अनुसार सम्भाव्य साना तथा मझौला सिंचाई आयोजना प्राथमिकीकरणका आधारमा निर्माण गरिनेछ।<br>• स्थानीय तहबाट सम्भव हुने सिंचाई आयोजनाहरू निर्माण गर्न स्थानीय तहहरूसँग समन्वय गरिनेछ।<br>• कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रूपमा एकिकृत बाली तथा जल व्यवस्थापनमा जोड दिइनेछ। |
| सिंचाईमा नयाँ प्रविधिको प्रयोग गर्ने। | • पानीको स्रोत न्यून हुने तथा वर्षैभरी सिंचाई उपलब्ध हुन नसक्ने क्षेत्रमा सिंचाई सेवा पुर्‍याउन आकाशे पानी तथा हिमपानी सङ्कलन, भण्डारण गर्नुका साथै ताल तलैया संरक्षण गरी थोपा, फोहोराजस्ता सिंचाई प्रविधि समेत उपयोग गरिनेछ।<br>• नदी किनारमा रहेका समथर टार तथा ज्युलाहरूमा सोलार तथा इलेक्ट्रिक पावर जस्ता उपयुक्त प्रविधि प्रयोग गरी लिफ्ट सिँचाइ प्रणालीको विकास गरिनेछ।<br>• पहाडी भूमिगत सिँचाइ प्रणालीको विकास गरी सिँचाइ सुविधामा विस्तार गरिनेछ।<br>• अन्तर जलाधार क्षेत्र पथान्तरण आयोजनाको सम्भाव्यता खोजिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| सिंचाई प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने। | • सिंचाई प्रणालीलाई टिकाई राख्न नियमित मर्मत सम्भार तथा दिगो व्यवस्थापन र उपयोग सुनिश्चित गर्न उपभोक्ताहरूलाई सहभागी गराइनेछ।<br>• परम्परागत स्थानीय, सामुदायिक सिँचाइ व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>• सम्पन्न भएका सिंचाई आयोजना सञ्चालन तथा मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चित गरिनेछ। |
| **खानेपानी तथा सरसफाइ** | |
| आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने। | • "**एक घर एक धारा**" नीतिलाई कार्यान्वयन गर्दै सबै गाउँ, सहर तथा बस्तीमा सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधारभूत खानेपानी सुविधा उपलब्ध गराइनेछ।<br>• खानेपानी सेवा विस्तारका लागि नयाँ प्रविधिहरू (वर्षाते पानी सङ्कलन, लिफ्टिङ्ग, पहाडी भूमिगत बोरिङ्ग) को उपयोग गर्दै मुहानहरूको संरक्षण र सुरक्षित पानीको व्यवस्था गरिनेछ।<br>• सञ्चालित आयोजनाहरू दिगो र भरपर्दो बनाउन उचित मर्मत सम्भारको लागि उपभोक्ताहरूलाई सक्षम बनाइनेछ। |
| सामुदायिक सहभागितामा सरसफाइलाई अभियानको रूपमा सञ्चालन गर्ने। | • फोहोरलाई मोहरमा परिणत गर्ने गरी गाउँ सहर तथा बस्तीबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।<br>• पूर्ण सरसफाइलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ।<br>• उपयुक्त प्रविधिको प्रयोग गरी मलमुत्र तथा फोहरलाई अर्गानिक कृषि उत्पादनमा प्रयोग गरिनेछ। |
| मौजुदा खानेपानी सेवालाई स्तर वृद्धि गरी क्रमिक रूपमा | • ठूला तथा शहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| मध्यम तथा उच्च स्तरको बनाउदै लैजाने। | • खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रूपमा लिई खानेपानी गुणस्तर सुनिश्चित गरिनेछ। |

## ५. मन्त्रालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १. | प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन |
| २. | प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन |
| ३. | ऊर्जा, विद्युत, सिंचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन |
| ४. | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन |
| ५. | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धि योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ६. | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय |
| ७. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन |
| ८. | मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन |
| ९. | जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| १०. | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |

| क्र.सं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| ११. | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १२. | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |

## ६. आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८२ चैत्रसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| ९१ | केन्द्रीय प्रसारण लाईन नपुगेका दुर्गम स्थान एवम् ग्रामीण बस्तीमा लघुजलविद्युत तथा वैकल्पिक ऊर्जा मार्फत विद्युत सेवा विस्तारलाई प्राथमिकता दिइनेछ। तहगत सरकार, निजी क्षेत्र र दातृ निकायसँगको लागत साझेदारीमा प्रदेशका औद्योगिक तथा महत्त्वपूर्ण धार्मिक, सांस्कृतिक शैक्षिक, स्वास्थ्य संस्था, ऐतिहासिक क्षेत्र एवम् सार्वजनिक क्षेत्रमा आवश्यक पर्ने खानेपानी, नवीकरणीय ऊर्जा लगायतका आधारभूत पूर्वाधार संरचनाको निर्माण गरिनेछ। वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रणाली निर्माण र मर्मत सुधार कार्यक्रम कार्यान्वयन गरिनेछ। | हुम्ला र कालिकोट जिल्लामा रहेका ग्रामीण लघु जलविद्युत आयोजनाको पहिचान/अध्ययन गरी मर्मत सुधार/पुनस्थापना सम्बन्धी आवश्यक अध्ययन गर्न EOI मार्फत ठेक्का आह्वान गरिएको। |
| ९२ | परम्परागत मूल, ताल तलैया र पोखरीको संरक्षण र विकास गरी कृषियोग्य भूमिमा प्राथमिकताको आधारमा उपयुक्त प्रविधि मार्फत वर्षैभरी सिँचाइ सुविधा उपलब्ध गराउने नीति लिइनेछ। तहगत सरकारको सहकार्यमा एक घर एक धारा अभियानलाई थप विस्तार गरिनेछ। प्रदेश जनता | **"एक घर एक धारा"** अभियानलाई विभिन्न खानेपानी आयोजनाबाट निरन्तरता दिएको र प्रदेश जनता तटबन्धन कार्यक्रमलाई निरन्तरता |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| | सिँचाइ र प्रदेश जनता तटबन्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ। | दिन ८० वटा आयोजना कार्यान्वयन भएको। |
| ९३ | प्रदेश राजधानी संरक्षण आयोजना अन्तर्गत सुर्खेतको बुलबुले देखि निकास खोलासम्मको जलविहार सहितको बहुउद्देश्यीय परियोजना कार्यान्वयन गर्न बुलबुले काँक्रिविहार खण्डको निर्माण कार्य प्रारम्भ गरिनेछ। | ठेक्का सम्झौता भई समिक्षा अवधिभित्र करिब ७ प्रतिशत भौतिक प्रगति भएको। |
| ९४ | सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा सञ्चालनमा रहेका खानेपानी क्षेत्रगत सुशासन आयोजना अन्तर्गत वीरेन्द्रनगरको भेरी लिफ्टिङ र शारदा नगरपालिकामा सञ्चालित खानेपानी आयोजना निर्माण कार्यलाई तीव्रता दिन आवश्यक लगानी, समन्वय र सहकार्य गरिनेछ। खानेपानी गुणस्तर सुधार तथा जलवायु उत्थानशील आधारभूत खानेपानी र सरसफाइ तथा स्वच्छता सेवाको विस्तार गरिनेछ। | खानेपानी क्षेत्रगत सुशासन आयोजना अन्तर्गत सञ्चालित आयोजनाको कार्य निरन्तर अगाडि बढिरहेको र करिब २२ प्रतिशत भौतिक प्रगति भएको। |
| ९६ | खेतीयोग्य जमिन/टार क्षेत्रहरूको प्रोफाइल तयार गरी सम्भाव्यताको आधारमा लिफ्ट सिँचाइ, ड्रिप सिँचाइ, स्प्रिङ्कल सिँचाइ जस्ता नयाँ प्रविधिमा आधारित सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ। समुदायमा सञ्चालित लिफ्ट खानेपानी तथा सिँचाइ प्रणालीमा विद्युत् महशुलमा सहुलियतका लागि आवश्यक पहल गरिनेछ। | सल्यान जिल्लाको खेतीयोग्य जमिन/टार क्षेत्रहरूको प्रोफाइल तयार गर्ने गरी EOI मार्फत ठेक्का आह्वान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|
| ९० | प्रदेशको क्षेत्राधिकारभित्र पर्ने बीस मेगावाटसम्मको जलविद्युतको पूर्वसम्भाव्यता अध्ययन गरी सहलगानीमा निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको सहलगानीमा लघुजलविद्युत आयोजना निर्माण गर्ने नीति लिइनेछ। | कुनै प्रगति हुन नसकेको। |

## ७. आर्थिक वर्ष २०८२/०८३ को चैत्रसम्म सम्पादन भएका प्रमुख कार्यहरूः

- योजनाहरूको अनुगमन तथा निरीक्षण कार्यका लागि सहजीकरण गरी नियमित अनुगमन गरिएको।
- चौमासिक तथा अर्ध-वार्षिक प्रगति समीक्षा गोष्ठी समयमै सम्पन्न गरिएको।
- बेरुजु लगत सार्वजनिक लेखा समितिको निर्देशन तथा महालेखा परीक्षकको बेरुजु फछ्र्यौट सम्बन्धको पत्रहरू सम्बन्धित निकायमा प्रेषित गरी बेरुजु लगत संकलन लगायत बेरुजु सम्बन्धमा मन्त्रालयबाट पत्राचार लगायतका कार्यहरू गरिएको।
- चालु आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयन सन्दर्भमा बजेट मार्गदर्शन, खर्च मापदण्ड, विनियोजन ऐन तथा आर्थिक कार्यविधि ऐन र नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्न गराउन मन्त्रालय र मातहतका निकायमा निर्देशन/परिपत्र जारी गरिएको।
- नियमित स्टाफ बैठक तथा छलफल सञ्चालन गरिएको।
- मन्त्रालय मातहत रहेका जिल्ला कार्यालयहरू अन्तरगत संचालित आयोजनाहरूमा मनसुनजन्य बाढी पहिरोबाट क्षतिग्रस्त सिंचाइ, खानेपानी, तटबन्ध र ऊर्जा सम्बन्धी आयोजनाहरूको क्षतिको विवरण संकलन गरी आवश्यक मर्मत सुधारको लागि छलफल गरी सम्बन्धित निकायमा विवरण पठाईएको।
- मन्त्रालय परिसरभित्र ल्यान्डस्केपिड, बगैंचा निर्माण, पार्किङ लट निर्माण, पर्खाल निर्माण, मर्मत कार्य तथा मन्त्रालय, कार्यालय भवन एवम् आवास भवन मर्मत, सुधार कार्य अगाडि बढाइएको।

- कर्णाली प्रदेश सरकारको लगानी रहेको जगदुल्ला हाइड्रोपावरमा थप रकम निकासा गरिएको।
- "कर्णाली प्रदेश वास क्षेत्रको मनसुन प्रतिकार्य योजना २०८१" र "विपद् पूर्व प्रतिकार्य योजना-२०८१" तयार गरी कार्यान्वयनमा रहेको।
- खानेपानी सरसफाइ तथा स्वच्छता योजना अध्यावधिक गर्ने कार्य भईरहेको।
- जाजरकोट भुकम्प प्रभावित क्षेत्रमा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा निरन्तर अनुगमन, सहयोग तथा सहजीकरण भईरहेको।
- यस मन्त्रालय तथा युनिसेफ नेपालको आयोजनामा ३५ जना सहभागीहरूलाई ५ दिने खानेपानी गुणस्तर सम्बन्धी स्रोतव्यक्ति प्रशिक्षण तालिम सञ्चालन गरिएको।

## ८. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | जम्मा विनियोजन बजेट | जम्मा खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| ३०८ | ३८३०३५८ | ९४२४०० | २४.६० |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. आ.व. २०८२/०८३ को विनियोजित बजेट र चैत्र मसान्तसम्मको प्रगति विवरणः

*(रू. हजारमा)*

| ब.उ.शि.नं. | ब.उ.शि.नं.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०८००९०१ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ८६६४५ | २२६३० | २६.१२ |
| ३०८०१९०१ | खानेपानी, सिंचाई तथा ऊर्जा विकास निर्देशनालय | ४६५४२ | २४११८ | ५१.८२ |
| ३०८०१९०२ | खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालयहरू | २२४६९९ | ११९६७४ | ५३.२६ |
| ३०८०१९०३ | सिंचाई आयोजनाहरू | १३४८७६४ | २९६०७३ | २१.९५ |

| ब.उ.शि.नं. | ब.उ.शि.नं.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०८०१९०४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनाहरू | ६१८३५५ | २६०६५८ | ४२.१५ |
| ३०८०१९०५ | खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रम | ११६९९०० | १९१२६५ | १६.३५ |
| ३०८९११२१ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम - सङ्घ ससर्त अनुदान | ६००० | २४२१ | ४०.३६ |
| ३०८९११२४ | जलवायु अनुकुलित बृहत खानेपानी आयोजना - सङ्घ ससर्त अनुदान | ८५४०० | १२८१३ | १५.०० |
| ३०८९११२५ | खानेपानी सेवा विस्तार तथा पुनस्थापना कार्यक्रम - सङ्घ ससर्त अनुदान | १४००० | २७३७ | १९.५५ |
| ३०८०१९०६ | ऊर्जा विकास कार्यक्रम | ६६२०० | ९५५ | १.४४ |
| ३०८९११२८ | मर्मत सम्भार आयोजना - सङ्घ ससर्त अनुदान | ३४८०० | ८२३४ | २३.६६ |
| ३०८९११३१ | जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना - सङ्घ ससर्त अनुदान | १२९०५३ | ८२२ | ०.६४ |
| | **कुल जम्मा** | ३८३०३५८ | ९४२४०० | २४.६० |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## १०. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या र चुनौतिहरूः

- स्रोत सुनिश्चितता गर्नु पर्ने योजनाहरूमा कम बजेट विनियोजन हुनु,
- मन्त्रालयबाट पेस भएका आयोजनाहरूको समयमै स्रोत सुनिश्चितता हुन नसक्नु,
- सहलगानी, लागत साझेदारी कार्यक्रम सञ्चालन हुन नसक्नु,
- रुग्ण योजनामा बजेट विनियोजन हुनु,
- भौगोलिक विकटता,

- Construction Material Testing Lab र प्राविधिक जनशक्तिको अभाव/ल्याब सञ्चालनको लागि जनशक्तिको दरबन्दी नहुनु,
- उच्च तहको प्राविधिक जनशक्तिको पद रिक्त हुनु,
- भाद्र २३ र २४ को आन्दोलन पछिको कारण उत्पन्न अन्यौलता र त्यस पश्चात सङ्घीय सरकारद्वारा जारी गरिएको परिपत्र जसमा १० लाख भन्दा माथिको निर्माण कार्य बोलपत्रद्वारा गर्नुपर्ने निर्देशनका कारण योजना कार्यान्वयनमा ढिलाई भएको,
- प्रतिनिधि सभा निर्वाचनका समयमा मन्त्रालय/निर्देशनालय/कार्यालयले सम्पादन गर्नु पर्ने कार्यहरू प्रभावित भएको,
- पछिल्लो समयमा निर्माण सामाग्रीमा भएको व्यापक मूल्यवृद्धि।

## ११. आ.व. २०८२/८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

- जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली, २०८२

## १२. जनशक्तिको अवस्थाः

| कुल दरबन्दी संख्या (मातहत सहित) | कुल पदपूर्ति संख्या | कुल रिक्त संख्या |
|---|---|---|
| २२२ | १६२ | ६० |

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमिः

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम सङ्घको एकल अधिकार अनुसूची-५ मा, प्रदेशको एकल अधिकार अनुसूची-६ मा, सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा, स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लेख भएको सबैलाई विदितै छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग-१३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० गतेको निर्णयानुसार सातै प्रदेशमा सात/सातवटा मन्त्रालयहरूको स्थापना गरिएको छ। यसर्थ कर्णाली प्रदेशका मन्त्रालयहरू मध्ये भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय पनि एक हो।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरीबी न्युनीकरण, सहकारी सङ्घ संस्था सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## २. मन्त्रालयको दीर्घकालिन सोचः

प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ, पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी"** को प्रत्याभुति दिने।

## ३. मन्त्रालयको ध्येयः

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरूको आय वृद्धि गर्ने।

## ४. मन्त्रालयको रणनीतिक उद्देश्यः

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने।
- तुलनात्मक लाभका कृषि तथा पशुपन्छीजन्य उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।
- रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरण मैत्री कृषिको प्रवर्द्धन गर्ने।

## ५. मन्त्रालयको प्रमुख नीतिहरूः

- कृषि क्षेत्रलाई मूल्यवान, व्यावसायिक र नाफामूलक कृषि उत्पादन प्रणालीमा रूपान्तरण मार्फत प्रदेश सरकारको **"समृद्ध कर्णाली, सुखारी कर्णाली"** को मूल उद्देश्यमा टेवा पुऱ्याउने।
- कर्णाली प्रदेशको विशेष सम्पदाका रूपमा रहेका कृषि जैविक विविधता, जल, जमिन र जङ्गलको संरक्षण र उपयोग गर्न एकिकृत प्रयास गरी प्रदेशको दिगो खाद्य सुरक्षा सुनिश्चित गर्ने।
- समग्र कृषि क्षेत्रको रूपान्तरणका लागि युवा केन्द्रित सार्वजनिक, निजी र सहकारी क्षेत्र बीच साझेदारी विकास गर्ने।
- सङ्घ र स्थानीय तहसँग समन्वय गर्दै गुणस्तरीय उत्पादन सामग्री, प्रविधि र प्राविधिक सेवा सर्वसुलभ र सुनिश्चित गर्ने।

## ६. मन्त्रालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| २. | कृषि तथा पशुपन्छीजन्य रोग कीरा एवम् महामारी नियन्त्रण। |
| ३. | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन। |
| ४. | कृषि तथा पशु यान्त्रीकीकरण र उन्नत औजार विकास तथा विस्तार। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ५. | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन। |
| ६. | कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउ विजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन। |
| ७. | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर। |
| ८. | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण। |
| ९. | कृषि मल, बीउ, र विषादी आपूर्ति व्यवस्था र नियमन। |
| १०. | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण। |
| ११. | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन। |
| १२. | कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन। |
| १३. | कृषि बजार पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन। |
| १४. | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन। |
| १५. | सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रवर्द्धन। |
| १६. | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन। |
| १७. | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन। |
| १८. | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन। |
| १९. | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन। |
| २०. | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाणपूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन। |
| २१. | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेश भित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन। |
| २२. | नाप नक्साका नियन्त्रण बिन्दुहरूको सञ्जाल स्थापना। |
| २३. | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| २४. | भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरूवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| २५. | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २६. | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन। |
| २७. | गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठीजग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय। |
| २८. | गरीवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरीब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण। |
| २९. | सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान। |
| ३०. | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन। |
| ३१. | सहकारी सम्बन्धमा सङ्घीय, अन्तर प्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य। |
| ३२. | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन। |
| ३३. | जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन। |

## ७. आर्थिक वर्ष २०८२/८३ को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८२ चैत्रसम्मको प्रगति विवरणः

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| २४ | कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको | कृषि विकास रणनीति कार्यान्वयनमा रहेको। |

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | व्यवसायीकरण गर्दै लैजाने। प्रदेशमा प्राङ्गारिक र व्यवसायिक कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिने। खेतीयोग्य बाँझो जमिनको उपयोग र कृषि पेसाप्रति युवाको आकर्षण बढाउन प्रोत्साहनको व्यवस्था। | |
| २५ | पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायी, सहकारी, फर्म, कम्पनी र कृषक समूहलाई कर्जामा ब्याज अनुदान र दुई हेक्टर भन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदान दिने व्यवस्थालाई परिमार्जन गरी ब्याज अनुदान कार्यक्रममा रू. १० करोड २२ लाख बजेट विनियोजन। फलफूल बिरुवा सङ्ख्याको आधारमा कम्तिमा तीन वर्षसम्म प्रोत्साहन उपलब्ध गराउने गरी 'एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा" स्थापना कार्यक्रम सञ्चालन गर्ने। | कर्जामा ब्याज अनुदान कार्यक्रम कार्यान्वयनमा रहेको। |
| २६ | "व्यवसायिक कृषिको आधारः स्रोत केन्द्रको विकास र विस्तार" भन्ने सोचका साथ फलफूल नर्सरी, च्याउ, मौरी, बिउबिजन, भेडा, बाखा, च्याङ्ग्रा, चौरी, गाई, भैसी, कुखुरा स्रोत केन्द्रको स्थापना तथा विकास कार्यक्रम कार्यान्वयन गर्न रू. १५ करोड ३९ लाख बजेट विनियोजन। | - |
| २७ | गरीब, सीमान्तकृत, भूमिहीन, विपन्न, लक्षितवर्ग परिवारका लागि खाद्य तथा पोषण सुरक्षा र जीविकोपार्जन विशेष प्रोत्साहन कार्यक्रम लागि बजेट रू. ४ करोड १० लाख विनियोजन। | गरीब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम साथै जिविकोपार्जन उत्थानशील कार्यक्रम सालबसाली लागु भएको। |
| २८ | रैथाने तथा निर्यातयोग्य उच्च मूल्य कृषि वस्तुहरूको पहिचान झल्किने "मूल्यवान" लोगो | कर्णाली प्रदेश भित्रका २७ वटा उत्पादक तथा विक्रेतालाई |

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | कार्यक्रमलाई ब्रान्डिङ्ग, क्यूआर कोड, भौगोलिक सङ्केत प्रमाणपत्र, लेबलिङ्ग तथा बजारीकरणमा प्रोत्साहन, रैथाने बाली प्रशोधन मिल स्थापना गर्ने। | मूल्यवान लोगो प्रदान गरिएको। रैथाने बाली प्रशोधन मिलको स्थापनाको लागि DPR भई खरिद प्रकृया रहेको। |
| २९ | अर्गानिक कृषक पाठशाला सञ्चालन र प्रमाणीकरण कार्यक्रम सञ्चालन, गोठेमल, भर्मी कम्पोस्ट, दाना, जैविक मल, जैविक विषादी आदिको उत्पादन र प्रयोगमा प्रोत्साहन कार्यक्रम र एग्रो इकोलोजिकल मोडेल भिलेज स्थापना गरी कृषि पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ। अर्गानिक कृषि तथा रैथाने बाली तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रमको लागि रू. ६ करोड १८ लाख विनियोजन। | हरेक जिल्लामा प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम सञ्चालनमा रहेको साथै गड्यौली मल र जैविक मल उत्पादनमा सहयोग कार्यक्रम सञ्चालन भइरहेको। कृषि जैविक विविधताको संरक्षणको लागि एग्रो-इकोलोजिकल मोडेल भिलेजको कार्यक्रम कार्यान्वयनमा रहेको। |
| ३० | कर्णालीमा उत्पादन भइ प्रशस्त निर्यात सम्भावना रहेको स्याउ खेतीको विस्तार तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा स्याउ विकास बोर्ड गठन गरिनेछ। हासोउन्मुख बगैचा सुदृढीकरण गर्दै स्याउ, ओखर र सुन्तला खेतीलाई विशेष कार्यक्रमको रूपमा सञ्चालन गर्न रू. १४ करोड विनियोजन। | साविक कर्णालीका ५ जिल्लामा स्याउ तथा ओखर विकास कार्यक्रम र तल्ला ५ जिल्लामा सुन्तला जात बगैचा स्थापना तथा सुदृढीकरण कार्यक्रम सालबसाली सञ्चालन हुदै आएको। स्याउ विकास बोर्ड गठन विधेयकको मस्यौदा तयार भएको। |
| ३१ | साना कृषकहरूको कृषि प्रणालीलाई लाभकारी, समावेशी र पर्यावरणमैत्री बनाई दिगो खाद्य प्रणालीमा रुपान्तरण गर्न कृषि प्रविधि प्रवर्द्धन तथा खाद्य सुरक्षा कार्यका लागि रू.९ करोड ३८ लाख विनियोजन। | कृषि प्रविधि प्रवर्द्धन तथा खाद्य सुरक्षा कार्यक्रम सालबसाली कार्यान्वयन भइरहेको। |
| ३२ | "फलफूल र कफीः व्यवसायिक उन्नति" भन्ने सोचलाई साकार पार्न फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धन मार्फत | विभिन्न जिल्लामा फलफूल बाली र कफी खेतीको क्षेत्र विस्तार कार्यक्रम कार्यान्वयनमा रहेको। |

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | ग्रामीण रोजगारी सिर्जना गरी कृषकको आयस्तर वृद्धि गर्ने। व्यावसायिक फलफूल तथा रोड करिडोर केन्द्रित कफी खेती गर्न रू.२३ करोड ८६ लाख विनियोजन। | |
| ३३ | कर्णाली प्रदेशलाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपन्छी नश्ल सुधार तथा व्यवसायिक पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। पशुपन्छीको स्वास्थ्य उपचार सेवालाई भरपर्दो तथा दिगो व्यवस्थापनको लागि प्रादेशिक रेफरल भेटेरिनरी अस्पतालको निर्माण गर्ने। तरल नाईट्रोजन उत्पादन प्लान्टको निर्माण कार्य सम्पन्न गरी पशुहरूको नश्ल सुधार मार्फत पशुजन्य उत्पादनमा बदी गरिनेछ। यी दुई वटै कार्यक्रमको लागि रू. ११ करोड ६३ लाख बजेट विनियोजन गर्ने। | प्रदेशको राजधानी सुर्खेतमा प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माणका लागि खरिद प्रक्रियामा रहेको। तरल नाईट्रोजन प्लान्ट स्थापना भई सञ्चालन हुने प्रक्रियामा रहेको। |
| ३४ | व्यावसायिक, प्रतिस्पर्धात्मक तथा बजारमुखी उत्पादनको लागि रोड करिडोर केन्द्रित बाली तथा पशुपन्छी विशेष ठुला उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम, मागमा आधारित युवा लक्षीत कार्यक्रम र कृषि यान्त्रीकीकरण लगायत कृषि क्षेत्रको प्रवर्द्धनको लागि उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम कार्यान्वयनको लागि रू. २८ करोड विनियोजन गर्ने। | हरेक जिल्लामा रोड करिडोर कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको। |
| ३५ | सन् २०३० सम्म नेपालबाट उन्मूलन गरिने लक्ष्य राखेका खोरेत, पिपिआर र रेबिज लगायतका संक्रामक रोगहरू नियन्त्रणका लागि सर्भिलेन्स एवम् खोप अभियान सञ्चालन कार्यक्रमलाई निरन्तरता। यसबाट प्रदेशमा उत्पादित पशुपन्छीजन्य स्वस्थ्य उत्पादन भइ अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनमा सघाउ पुग्ने। | पशुपन्छीमा लाग्ने महामारी रोगहरूको नियन्त्रणको लागि खोरेत, लम्पी, PPR, रेबिज आदिको खोप लगाउने कार्य सालबसाली भइरहेको। |

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३६ | स्वस्थ माटो, स्वस्थ बाली, स्वस्थ जीवन भन्ने मान्यतामा आधारित रही व्यवसायिक कृषि पकेट क्षेत्रमा माटोको अवस्था सुधार अभियान सञ्चालन कार्यक्रम र रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालन कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था। | प्रत्येक जिल्ला माटो सुधारका लागि चुन वितरण तथा प्रांगारिक मलमा अनुदान प्रदान गरिदै आएको। रासायनिक विषादीको प्रयोगलाई नियमन, न्यूनीकरण र निरुत्साहित गर्न सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा द्रुत विषादी अवशेष परीक्षण प्रयोगशाला सञ्चालनमा आउने प्रक्रियामा रहेको। |
| ३७ | किसानले उत्पादन गरेको दुधको मूल्य-शृङ्खला वृद्धि गर्न आवश्यक पर्ने चिलिङ भ्याट, डिप फ्रिज, मिल्क एनालाईजर जस्ता यन्त्र उपकरणहरू दुध सङ्कलन केन्द्रलाई सहुलियत दरमा उपलब्ध गराईनेछ। कृषि उपजको उत्पादन लागत घटाउन सहयोग गर्ने कृषि यन्त्र, उपकरण खरिदमा किसानलाई अनुदान सुविधाको व्यवस्था। | जिल्लागत रूपमा कार्यान्वयन भइरहेको। |
| ३८ | गाईभैसी पालन गर्ने कृषकलाई दुध उत्पादन तथा बिक्री वितरणमा प्रोत्साहन गर्न प्रति लिटर दुधमा प्रदान गरीदै आएको अनुदानलाई निरन्तरता। | निरन्तर प्रदान भइरहेको। |
| ३९ | खेतबारीमा सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि साना सिँचाइ निर्माण तथा मर्मत कार्यक्रम अन्तर्गत सानातिना कुला र पोखरी निर्माण तथा मर्मत सम्भारका लागि रू. ३३ करोड ३२ लाख विनियोजन। | साना सिँचाइका आयोजना निर्माण तथा मर्मत कार्य भइरहेको। |
| ४० | प्राकृतिक प्रकोप, विभिन्न रोग तथा भवितव्यबाट हुन सक्ने आर्थिक क्षतिमा वित्तीय सुरक्षाका लागि सबै किसानलाई बीमाको दायरामा | बीमा कार्यक्रम अनिवार्य नरहेको र किसानहरूले स्वेच्छाले विमा कार्यक्रममा भाग लिएको। |

| बुदा नं. | नीति तथा कार्यक्रममा उल्लेख भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | ल्याइनेछ। प्राकृतिक प्रकोप तथा महामारी रोगको कारण कृषि क्षेत्रमा हुने क्षतिपूर्तिको लागि राहत कार्यक्रम, बाली तथा पशुपन्छी बीमा र कृषि तथा पशुपन्छीका लागि एक स्थानीय तह एक बिमक कार्यक्रम सञ्चालन गर्ने। | |
| ४१ | आगामी आर्थिक वर्षमा कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा गरिनेछ। प्रदेशका सबै जिल्लामा रहेको सरकारी जग्गाको लगत सङ्कलन गर्ने व्यवस्था । | भू- उपयोग नीतिको मस्यौदा तयार भएको। |
| ४२ | कर्णाली प्रदेशमा भएका गुठी जग्गाहरूको नियमनका लागि गुठीको संरक्षण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा नीति, कानून, मापदण्ड बनाई गुठी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्दै लैजाने। | कर्णाली प्रदेशमा रहेका गुठी जग्गाको लागत संकलन भइरहेको। |
| ४३ | सहकारी संस्थामा रहेको बचत रकमलाई उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिनेछ। वित्तीय कारोबार गर्ने सहकारी सङ्घ संस्था मार्फत वित्तीय साक्षरता प्रवर्द्धनका लागि प्रेरित गरिनेछ। सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन व्यवस्थालाई सुदृढ गर्ने। | सहकारीका संचालक तथा पदाधिकारीलाई क्षमता विकास तालिम सञ्चालन गरिएको। |

## ८. आर्थिक वर्ष २०८२/८३ को चैतसम्म सम्पादन भएका प्रमुख कार्य र उपलब्धिहरू:

- NAFHA परियोजना मार्फत ११६.४५ हेक्टर क्षेत्रफलमा सुन्तला जात फलफूलको बगैचा स्थापना भएको र कार्यक्रम कार्यान्वयन अवस्थामा रहेको।
- सहकारी संस्थाको क्षमता विकास गरिएको साथै COPOMIS Lab निर्माण गरी सञ्चालन गरिएको।
- सहकारी सङ्घ संस्थाका संचालक/कर्मचारी/सदस्य तथा स्थानीय तहका सहकारी शाखामा कार्यरत कर्मचारीहरूको लागि सहकारी सम्बन्धी अनुगमन, सहकारी व्यवस्थापन, सहकारीमा नेतृत्व विकास, COPOMIS, PEARLS लगायतका तालिम कार्यक्रम सञ्चालन गरिएको।

- व्यावसायिक कृषक तथा कृषि उद्यमीलाई कृषि ऋणको ब्याजमा अनुदान कार्यक्रम सञ्चालन गरिएको, जस अन्तर्गत बैंक तथा सहकारी संस्था मार्फत ब्याजमा अनुदानको व्यवस्था गरिएको।
- पशु स्वास्थ्य शिविर मार्फत करिब ३० हजार पशुपंन्छीको उपचार गरिएको।
- बराहताल गाउँपालिका वडा नं. १ तेलपानीमा स्थानीय जातको आलु करिब २०० रोपनीमा खेती भई १७० मे. टन आलु उत्पादन भई करिब ८५ लाख बराबर आम्दानी भएको।
- वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ मा स्ट्रवेरीको करिब १४ रोपनी बरावर क्षेत्र विस्तार र वीरेन्द्रनगर नगरपालिका वडा नं १३ मा मेवा बाली करिब ८ रोपनी क्षेत्रमा थप विस्तार गरिएको।
- सल्यान र रुकुम पश्चिम जिल्लाबाट आ.व २०८२/८३ मा २४०० मे.ट. सुन्तला उत्पादन गरी करिब १४ करोड ८० लाख बराबरको निर्यात भएको।
- आ.व. २०८२/८३ मा डोल्पा जिल्लाबाट करिब ४०० मे. ट. स्याउ २ करोड बराबरमा निर्यात भएको।
- जुम्ला जिल्लाबाट मात्र रू.४२ करोड २९ लाख बराबरको स्याउ निर्यात भएको।
- हुम्ला जिल्लाबाट करिब १८ मे. टन स्याउ स्ट्याण्डर कार्टुनको प्रयोग गरी बजारीकरण भएको र जिल्लाबाट ८०० मे. टन स्याउ ८ करोड बराबरको निर्यात भएको।
- १७२ वटा माटोको नमुना परिक्षण गरी आवश्यक सिफारिस गरिएको।
- घुम्ति बाली उपचार शिविर सञ्चालन मार्फत करिब ३०० कृषकका खेतबारीमा देखिएका समस्याहरूको विज्ञ मार्फत सुझाव सल्लाह दिइएको।
- जुम्ला जिल्लाका ८ वटै पालिकाका २६ वटा व्यवसायिक स्याउ वगैचा धनीहरूलाई ११ हजार स्याउ प्याकेजिङ्ग स्टेण्डर काटुन वितरण गरिएको।
- दुग्ध उत्पादनको लागि गाई-भैसी प्रवर्द्धन कार्यक्रम साथै मासु दुग्ध उत्पादनमा आत्मनिर्भरको लागि उन्नत जातको, बोका राँगा र नश्ल सुधार कार्यक्रम सञ्चालन भएको।
- प्रत्येक जिल्ला माटो सुधारका लागि माटो जाँच संगै चुन वितरण तथा प्रांगारिक मलमा अनुदान सहित करिब १७ वटा कृषक पाठशाला सञ्चालन गरिएको।
- खाद्यान्न बीउ, तरकारी बीउ, मसला बाली, आलङ्कारिक बिरूवा तथा फलफूल नर्सरी, च्याउ, मौरी, भेडा, बाख्रा, च्याङ्ग्रा, चौंरी, गाई, भैंसी, कुखुरा, मत्स्य र घाँसेबालीको ५० प्रतिशत लागत सहभागितामा आधारित स्रोत केन्द्रको स्थापना कार्यक्रम कार्यान्वयनमा रहेको।
- बीमा सम्बन्धी सरोकारवाला बीच अन्तर्क्रिया कार्यक्रम भएको।

## ९. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान सं. | कूल विनियोजन | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| ३१२ | २५७११०० | ४३१६६५ | १६.७९ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र चैत्रसम्मको प्रगतिः

*(रू. हजारमा)*

| ब.उ.सि.नं. | ब.उ.सि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ७९४२० | ३१४७५ | ३९.६३ |
| ३१२०००१२ | एकिकृत कृषि प्रयोगशाला | २५०४४ | ११४३८ | ४५.६७ |
| ३१२०००१३ | भूमी व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ११३८२ | ६९५१ | ६१.०७ |
| ३१२००९०२ | कृषि यान्त्रीकिकरण कार्यक्रम | १९५०० | १०९१ | ५.६० |
| ३१२००९०३ | ब्याज अनुदान कार्यक्रम | १०२२५० | ११७३ | १.१५ |
| ३१२००९०४ | गरीब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ४१००० | १४२ | ०.३५ |
| ३१२००९०८ | सहकारी विकास कार्यक्रम | ८०६० | २७३२ | ३३.८९ |
| ३१२००९०९ | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | ६१८७० | ५९४९ | ९.६२ |
| ३१२००९१० | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | ९३८११ | ३०३६० | ३२.३६ |
| ३१२००९११ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | ३२५० | १७१ | ५.२५ |
| ३१२००९१२ | उत्थानशील उच्च मूल्य कृषि कार्यक्रम (R-HVAP) | २०८८५ | ७९२१ | ३७.९३ |

| ब.उ.सि.नं. | ब.उ.सि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२००९१३ | कृषि तथा पशुपंछी स्रोतकेन्द्र विकास कार्यक्रम | १५३९५९ | २६८० | ०.१७ |
| ३१२०१०११ | कृषि विकास निर्देशनालय | ४८३५७ | २०९०७ | ४३.२४ |
| ३१२०१०१६ | कृषि विकास कार्यालयहरू | २५५१४९ | १०६४७७ | ४१.७६ |
| ३१२०१०१७ | बागवानी विकास केन्द्रहरू | १७५२४ | १०२६८ | ५८.५९ |
| ३१२०१०१८ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | २०८६४ | ११६९२ | ५६.०४ |
| ३१२०१९०१ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | १५९५१० | १३१७५ | ८.२६ |
| ३१२०१९०२ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम | ३३३२७० | ३१६८७ | ९.५१ |
| ३१२००९०१ | स्याउ तथा ओखर विकास कार्यक्रम | ७०००० | १७३६ | २.४८ |
| ३१२०१९०४ | कृषि पुर्वाधार बिकास कार्यक्रम | १६०९५० | १०१ | ०.०६ |
| ३१२०१२०५ | व्यवसायिक फलफुल बगैचा स्थापना तथा विकास कार्यक्रम | ९२०१३ | ५३३९ | ५.८ |
| ३१२०२०११ | पशुपन्छी विकास निर्देशनालय | २१५५४ | ९७८७ | ४५.४१ |
| ३१२०२०१३ | पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू | १५८७३८ | ६०९९५ | ३८.४२ |
| ३१२०२९०१ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | १५९३०६ | २१७८० | १३.६७ |
| ३१२०२९०२ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | ३४४४१ | ४१८ | १.२१ |
| ३१२०२९०३ | मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम | ६२९३ | २२९ | ३.६३ |
| ३१२९११२० | पशु सेवा विभाग (सङ्घ ससर्त अनुदान) | ४३०० | ३०६ | ७.१३ |
| ३१२९११२१ | कृषि विभाग (सङ्घ ससर्त अनुदान) | १७४०० | १३८ | ०.७९ |
| ३१२९११२३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (सङ्घ ससर्त अनुदान) | १४३०० | ९४१ | ६.५८ |

| ब.उ.सि.नं. | ब.उ.सि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३१२९११२४ | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना (सङ्घ ससर्त अनुदान) | १६१३०० | २०८३४ | १२.९२ |
| ३१२९११२५ | उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (सङ्घ ससर्त) | २१५४०० | १५१८४ | ७.०५ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ११. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरूः

- हिमाली जिल्ला हुम्ला र डोल्पामा कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्यांङ्कन गर्न सवारी साधन नभएकोले असहजता हुनु,
- कम जनशक्ति मार्फत कार्यसम्पादन गर्नुपर्ने अवस्था हुनु,
- सामुदायिक कृषि पूर्वाधार निर्माण (साना सिचाई, रष्ट्रिक स्टोर, संकलन केन्द्र, हाटबजार लगायत) कार्यक्रममा लागत सहभागिता स्पष्ट नहुनु,
- ब्याज अनुदान कार्यक्रममा ब्याजमा अनुदान रकम भुक्तानी दिन समस्या हुन,
- मन्त्रालय र मन्त्रालय अन्तरगतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक नहुनु।

## १२. आर्थिक वर्ष २०८२/८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

- कृषि सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन), कार्यविधि, २०८२
- कृषि तथा पशुपन्छीको श्रोत केन्द्रको दर्ता तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०८२

## १३. जनशक्तिको अवस्थाः

| कूल दरबन्दी संख्या | कूल पदपूर्ति संख्या | कूल रिक्त संख्या |
|---|---|---|
| ३६२ | २९३ | ६९ |

# भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधान लागू हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, शहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, योजना तर्जुमा, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन, प्रदेशभित्र उपयुक्त भवन प्रविधिको विकास, प्रदेशको राजधानी र प्रादेशिक शहरको विकास, प्रदेशको यातायात व्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड योजनाको, तर्जुमा तथा कार्यान्वयन, प्रदेश भित्रको सवारी दर्ता, नवीकरण, चालक अनुमति, सार्वजनिक यातायातको रुट अनुमति, वातावरणमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री यातायात प्रणालीको प्रवर्द्धन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै सङ्घ र प्रदेशको साझा अधिकारको सूची, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, शहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत–संभार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी, सवारी दर्ता, नवीकरण, बाटो इजाजत, सवारी चालक अनुमति-पत्र तथा समग्र प्रदेशको यातायात व्यवस्थापन जस्ता कार्य यस मन्त्रालयको कार्यजिम्मेवारी तोकिएको छ। यिनै भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत–सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुने गर्दछन्।

## २. मन्त्रालयको दीर्घकालीन सोचः

- सडक पूर्वाधार र यातायातको विकासमार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।

- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित शहरीकरणमार्फत दिगो आर्थिक सामाजिक समृद्धि हुने।
- सुरक्षित र सुविधायुक्त एकिकृत आवास तथा बस्ती विकासमार्फत दिगो विकास गर्ने।

## ३. मन्त्रालयको ध्येयः

- वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवम् विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप बिस्तार गर्ने।
- सडक सञ्जालको सन्तुलित विकास तथा बिस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने।
- सङ्घ र प्रदेशहरू, प्रदेश र प्रदेशहरू, प्रदेश र स्थानीय तहहरू बीचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध बिस्तार गर्नु।
- सडक पूर्वाधारको उचित मर्मत–संभार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिकरूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित शहर निर्माण गर्ने।
- शहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा बिस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र शहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने गराउने।
- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने गराउने।
- एकिकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत–सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्ने।

## ४. मन्त्रालयको रणनीतिक उद्देश्यहरू:

- प्रदेश राजधानीबाट स्थानीय तहका केन्द्रहरू, स्थानीय तहका केन्द्रबाट वडा केन्द्रहरू र बस्तीहरूसम्म साविक सडक सञ्जालको स्तरोन्नती र नयाँ सडकको निर्माण तथा बिस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा बिस्तार गर्ने।
- आयोजनाको मर्मत–सम्भार, पुनर्स्थापना तथा सेवास्तर अभिवृद्धि गरी दिगो सेवा उपलब्ध गर्ने। संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।
- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान शहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माण गर्ने गरी एकिकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई निरुत्साहित गर्ने।

## ५. मन्त्रालयको कार्यक्षेत्र:

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन। |
| २. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण। |
| ३. | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ४. | वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन। |
| ५. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन। |
| ६. | रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन। |
| ७. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा निर्माण, स्तरोन्नती, मर्मत सम्भार, तथ्यांङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन। |
| ८. | प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ९. | प्रदेशभित्रको शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, सञ्चालन मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्ग निर्देशन। |
| १०. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन। |
| ११. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन। |
| १२. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण। |
| १३. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन। |

## ६. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेखित विषयहरूको २०८२ चैत्र मसान्तसम्म प्रगतिको अवस्थाः

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| ७२ | "दिगो भौतिक पूर्वाधारः कर्णाली विकासको आधार" भन्ने सोचलाई साकार पार्न प्रदेश लोकमार्ग तथा प्रदेश सडकहरूको गुरुयोजनाको प्राथमिकीकरण अनुसार सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार | • प्रादेशिक सडक सञ्जाल गुरुयोजना अन्तर्गत प्रदेश राजमार्ग तथा प्रदेश सडकहरूको विवरण स्वीकृत भएको तर प्राथमिकीकरण नभएको सन्दर्भमा नयाँ महत्वपूर्ण आयोजना छनोट गर्दा सकेसम्म गुरुयोजनाको |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | विकासका लागि आवश्यक रकमको व्यवस्था गरेको छु। | स्वीकृत लिष्टबाट छनोट गर्ने कार्यको सुरूवात गरिएको।<br>• PLRIP अन्तर्गतका आयोजनाहरू सबै स्वीकृत गुरुयोजना भित्रबाट मात्र छनोट गरिएको।<br>• सञ्चालनमा रहेका अन्य मुख्य सडकको क्रमशः स्तरोन्नति तथा मर्मत गरी सडक यातायातलाई सुरक्षित, सर्वयाम, भरपर्दो र दिगो बनाइने कार्य भइरहेको।<br>• सडक सुरक्षा तथा शहरी सौन्दर्यकरण कार्यका लागि केही सडकमा सडक मार्किङ् तथा सुर्खेतको व्यस्त बजारमा ट्राफिकलाईट राख्ने काम भइरहेको। |
| ७३ | अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाइनेछ। यस अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, खुलालु- लालु-भेरीसाँगु-कुमालगाउँ-एअरपोर्ट-मेहल्मुडी-मुर्मा-रास्कोट-लैफु सडक, गमगढी-सेरी-सुकाढिक सडक, हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुख-गमगढी-नाक्चेलाग्ना सडक, बाजुरा-कुवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक, सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी- | • खुलालु-लालु-भेरीसाँगु-कुमालगाउँ-एअरपोर्ट-मेहल्मुडी-मुर्मा-रास्कोट-लैफु सडक, गमगढी-सेरी-सुकाढिक सडक, हुम्ला कर्णाली र मुगु कर्णाली नदी दोमुख-गमगढी-नाक्चेलाग्ना सडक,बाजुरा-कुवाडी-ताजाकोट-अदानचुली-सर्केगाड सडक, सल्यान खलङ्गा-कालिमाटी-घुईयावारी-काप्रेचौर-खर्कवार-कोहलपुर सडक, तालीदेखि रूप पाटन हुँदै खार्वाड पूर्वी रूकुम पोखरा जोड्ने सडक, छिनखेत-पूर्वी रूकुम सडक, कुइने- |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | काप्रेचौर-खर्कवार-कोहलपुर सडक, तालीदेखि रूप पाटन हुँदै खार्वाड पूर्वी रूकुम पोखरा जोड्ने सडक, छिनखेत-पूर्वी रूकुम सडक, कुइने-जामु-बावियाचौर-भक्तरी-जंगलघाट लगायतका सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि रू.४९ करोड २४ लाख विनियोजन गरेको छु। | जामु-बावियाचौर-भक्तरी-जंगलघाट लगायतका सडक निर्माण तथा स्तरोन्नती कार्य सन्चालन भइरहेको।<br>• मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक रुख कटानको स्वीकृतिको प्रकृया पूरा नभएकाले निर्माण कार्यमा अबरोध भएको छ।<br>• अधिकांश सडक निर्माणाधीन अवस्थामा रहेका। |
| ७४. | प्रदेशभित्रका पर्यटन पूर्वाधार प्रवर्द्धनसँग सम्बन्धित रणनीतिक महत्व बोकेका त्रिपुरा बगर छल हुँदै मौरेलेक सडक, पातिहाल्ना-परिलह-आँखेखोला हुँदै शे-फोक्सुन्डो सडक, बालुवासंग्रही-कुपिण्डे सडक, ताल्चा-रारा सडक, हिल्सा-मानेपेमे-लिमीलाप्चा सडक, थलह-बाटुले ब्याउलीढुङ्गा-जुम्ला सडक निर्माणका लागि रू.२१ करोड २५ लाख विनियोजन गरेको छु। | • त्रिपुरा बगर छल हुँदै मौरेलेक सडक, पातिहाल्ना-परिलह-आँखेखोला हुँदै शे-फोक्सुन्डो सडक निर्माण कार्यको लागि बोलपत्र आह्वान भई निर्माण कार्य सञ्चालनमा रहेको।<br>• बालुवासंग्रही-कुपिण्डे सडक सम्पन्न हुने चरणमा रहेको।<br>• ताल्चा-रारा सडक, हिल्सा-मानेपेमे-लिमीलाप्चा सडक, थलह-बाटुले-ब्याउलीढुङ्गा-जुम्ला सडक निर्माणका लागि बोलपत्र आह्वान भएको। |
| ७५. | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत स्थानीय तहको केन्द्र जोड्ने प्रादेशिक सडक सञ्जालको स्तरोन्नती कार्यका लागि डुङ्गेश्वर-डाँडापराजुल सडक, गल्फागाड-थाडाँकाटे-अदानचुली सडक, महाबै | • डुङ्गेश्वर-डाँडापराजुल सडक, गल्फागाड-थाडाँकाटे-अदानचुली सडक, महाबै गाउँपालिका कालीकोटको केन्द्र जोड्ने सडकको निर्माण कार्य तीव्र गतिमा भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | गाउँपालिका कालीकोटको केन्द्र जोड्ने सडक, छार्कातासोङ गाउँपालिका डोल्पाको केन्द्र जोड्ने सडक, लालिघाट-कोटवाडा-कुमालगाउ सडक, तारापानी-सोरुकोट सडक, जुम्ला खलङ्गा-लासी सडक, सलीसल्ला पिप्लाङ् सडक, वडावन-सानाखोला सडक, गङ्गटे-आरन्टुडा-ढाँडखेत सडक स्तरोन्नति र सुर्खेत रिङरोड स्तरोन्नतिका लागि रू. ८० करोड ५० लाख विनियोजन गरेको छु। | • महाबै गाउँपालिका कालीकोटको केन्द्र जोड्ने सडकको बोलपत्र आह्वान भई सम्झौताको चरणमा रहेको तथा<br>• छार्कातासोङ गाउँपालिका डोल्पाको केन्द्र जोड्ने सडक, लालिघाट-कोटवाडा-कुमालगाउ सडक, तारापानी-सोरुकोट सडक, जुम्ला खलङ्गा-लासी सडक, सलीसल्ला पिप्लाङ् सडक, वडावन-सानाखोला सडक, गङ्गटे-आरन्टुडा-ढाँडखेत सडक स्तरोन्नति र सुर्खेत रिङरोड स्तरोन्नतिका लागि डीपीआर भेरिफाइ तथा बोलपत्र सम्बन्धी कागजात तयारी भइरहेको। |
| ७६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना अन्तर्गत निर्माणाधीन मोर्क-चङ्खिला-बडावन-सानाखोला सडक, दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक, चौरजहारी-नार्जी-खोलागाँउ-चौथा-वैरागीठाँटी-मुसिकोट-सल्ले सडक र शितलपोखरी-झुल्खेत-चुनवाङ सडक कालोपत्रे गर्ने कार्यका लागि रू. ८१ करोड विनियोजन गरेको छु। | • मोर्क-चङ्खिला-बडावन-सानाखोला सडक, दशरथपुर-डाँडागाउँ-जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक, चौरजहारी-नार्जी-खोलागाँउ-चौथा-वैरागीठाँटी-मुसिकोट-सल्ले सडक र ती सडकमा पर्ने पुलहरूको निर्माण कार्य तीव्र गतिमा भइरहेको।<br>• शितलपोखरी-झुल्खेत-चुनवाङ सडक कालोपत्रे गर्ने कार्यका लागि बोलपत्र आह्वान भएको। |
| ७७. | प्रादेशिक लोकमार्ग, प्रादेशिक सडक तथा अन्य सडकहरू निर्माण, स्तरोन्नति | • प्रादेशिक लोकमार्ग, प्रादेशिक सडक तथा अन्य सडकहरू निर्माण, |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | तथा मर्मतसम्भार कार्यका लागि रू. ४ अर्ब ३६ करोड विनियोजन गरेको छु। यसबाट आ.व. २०८२/८३ मा थप १२० कि.मी. पक्की सडक निर्माण हुने विश्वास लिएको छु। | स्तरोन्नति तथा मर्मत सम्भार कार्य सञ्चालनमा रहेको।<br>• आ.व. २०८२/८३ को चैत्रसम्म ३७.७५ कि.मी. पक्की सडक तथा ३७.७५ कि.मी. ग्राभेल सडक निर्माण भएको। |
| ७८. | प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याउने उद्देश्यले सडक पुल निर्माणलाई उच्च प्राथमिकता दिएको छु। क्रमागत रूपमा रहेका र आ.व. २०८२/८३ मा सुरू हुने आयोजनाहरूको लागि रू. १ अर्ब १५ करोड विनियोजन गरेको छु। यसबाट आ.व. २०८२/८३ मा थप २५ सडक पुलहरू सम्पन्न हुने अपेक्षा लिएको छु। | • मन्त्रालय अन्तर्गत ५६ वटा क्रमागत तथा ४८ वटा नयाँ गरी जम्मा १०४ विभिन्न स्पानका सडक पुलहरू चालू आवको स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश रहेका। तीमध्ये ३७ वटा क्रमागत तथा नयाँ पुलहरू निर्माणाधिन रहेका, १० वटा निर्माण सम्पन्न भएका, १३ वटाको बोलपत्र मूल्याङ्कनको चरणमा तथा बाँकी DPR तयारी तथा चेक स्वीकृतिको चरणमा रहेका। |
| ७९. | सार्वजनिक निजी साझेदारीमा निर्माण तथा सञ्चालन गर्नेगरी प्रदेशभित्रका सम्भाव्य स्थानहरूमा द्रुतमार्ग, सुरुङमार्ग, केबलकार, रोपवे, पोडवे, रज्जुमार्ग र जलयातायातको पूर्व सम्भाव्यता अध्ययनको लागि बजेटको व्यवस्था मिलाएको छु। | • यस सम्बन्धी आवश्यक नीति, कानून, स्टैण्डर्ड नर्मस् तथा विज्ञ जनशक्तिको अभावमा उल्लिखित कार्य हालसम्म सुरूवात हुन नसकेको। |
| ८०. | विकट र दुर्गम स्थानका जनताको सेवा प्राप्तिको पहुँचलाई सरलीकृत गर्न सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधा | • पर्यटकीय महत्त्व भएका स्थान र दूरी घटाउन केही स्थानमा झोलुङ्गे पुल निर्माण गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | घण्टाको हिँडाइ दुरीभित्र पहुँच सुविधा पुर्‍याउने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई उच्च प्राथमिकता दिएको छु। | • आधा घण्टाको हिँडाइ/फेरोभित्र पहुँच पु¥याउन ८८ वटा झोलुङ्गे पुलको निर्माण कार्य सञ्चालनमा रहेको। |
| ८१. | आगामी आर्थिक वर्षभित्र सम्पुर्ण तुईन प्रतिस्थापन गरिनेछ। सोको लागि थप ७५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्न र पुराना झोलुङ्गे पुलको मर्मत सम्भारका लागि एकमुष्ट रू. ३७ करोड ८५ लाख विनियोजन गरेको छु। | • मन्त्रालय अन्तर्गत क्रमागत ३४ र नयाँ ५४ गरी कूल ८८ वटा झोलुङ्गे पुल चालू आ.व.को कार्यक्रममा रहेकोमा २१ वटा चैत्र मसान्तसम्म सम्पन्न भइसकेको। ३ वटा सम्पन्न हुने चरणमा रहेको। अरूको निर्माण कार्यको चरणमा रहेको।<br>• आर्थिक वर्ष २०८२/८३ भित्र प्रदेशबाट पूर्ण रूपमा तुइन विस्थापन गरिने कार्यक्रम अन्तर्गत प्राप्त आवेदन ५४ रहेकोमा सम्बन्धित पूर्वाधार विकास कार्यालयहरूबाट स्थलगत निरीक्षण गरी भेरिफाइ गर्दा विस्थापन गर्नुपर्ने ५ वटा तुईन एकीन भई छनोट समेत भएकोमा सो को लागि मन्त्रालयमा विनियोजन भएको बजेटबाट रकमान्तर गरी सम्बन्धित जिल्ला (हुम्ला, जाजरकोट र सल्यान) मा पठाउन तथा बहुवर्षीय योजनाका स्वीकृतिका पेश भएकोमा आयोजना बैंकमा प्रविष्टि नभएको कारण अघि बढ्न नसकेको। |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| ८२. | हुम्लाको सदरमुकाम सिमकोटलाई मानसरोवर कैलाश प्रवेशद्वारका रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्न खार्पु-सिमकोट नमुना एकिकृत पर्यटन पूर्वाधार विकास र शे फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन रिड्वो बस्तीलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गर्ने कार्यक्रमको लागि रू. ३४ करोड ५० लाख विनियोजन गरेको छु। | • खार्पु-सिमकोट नमुना एकिकृत पर्यटन पूर्वाधार विकास र शे फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन रिङ्वो बस्ती विकास कार्यक्रम निर्माणाधिन रहेको। |
| ८३. | यातायात सेवामा विद्युतीय भुक्तानी प्रणाली लागु गरिनेछ। आगामी आर्थिक वर्षदेखि प्रदेशबाटै स्मार्ट लाईसेन्स कार्ड छपाइ तथा वितरण कार्यको सुरुवात गरिनेछ। सुरक्षित सहर व्यवस्थापनको लागि वीरेन्द्रनगरका प्रमुख चोकहरूमा ट्राफिक लाईट जडान तथा राजधानीको बढ्दो सवारी चापलाई व्यवस्थित गर्न कर्णाली बसपार्क निर्माण कार्य अगाडि बढाइनेछ। | • विद्युतीय भुक्तानी प्रणाली यातायात सुर्खेतमा आंशिक रूपमा लागू भएको यद्यपि EDLEVRS System मा Integrated हुन नसकेको, जुम्ला र रुकुम पश्चिममा भने हालसम्म लागू हुन नसकेको।<br>• मन्त्रालय मातहतका यातायात कार्यालयहरूमध्ये यातायात कार्यालय सुर्खेत बाहेक जुम्ला र रुकुम पश्चिमबाट अस्थायी सवारी चालक अनुमतिपत्र जारी गर्ने कार्य भइरहेको र स्मार्ट सवारी चालक अनुमतिपत्र छपाई गर्ने कार्य हाल मुद्रण विभागको कार्यक्षेत्रमा पर्ने भनी विषयगत समितिबाट निर्देशन भए बमोजिम हाल मुद्रण विभागबाट प्रिन्ट भई यातायात विभाग मार्फत यातायात कार्यालयहरूमा प्राप्त हुने |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | | र यातायात कार्यालयबाट वितरण हुने गरेको।<br>• सडक सुरक्षा तथा शहरी सौन्दर्यकरण कार्यका लागि सडक मार्किङ् तथा वीरेन्द्रनगरका व्यस्त चोकमा ट्राफिक लाईट राख्ने काम भइरहेको। |
| ८४. | छरिएर रहेका तथा विकट र जोखिमयुक्त बस्ती व्यवस्थापन एवम् गरीव, विपन्न, दलित, आवासविहीन, लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित एकिकृत बस्ती विकास, जनता आवास र विपन्नको घर कार्यक्रमको लागि रू. २० करोड ६० लाख विनियोजन गरेको छु। एकिकृत बस्ती विकास, जनता आवास तथा विपन्नको घर कार्यक्रम परिमार्जन गरी निरन्तरता दिइनेछ। | • स्वीकृत वार्षिक कार्यक्रममा हुम्ला तथा डोल्पा जिल्लामा एकिकृत बस्ती विकास कार्यक्रम गर्ने गरी मन्त्रालयमा बजेट विनियोजन भएकोमा सम्बन्धित जिल्लामा बजेट रकमान्तर गरिएको।<br>• गरीब, विपन्न, दलित, आवासविहीन, लोपोन्मुख, सीमान्तकृतलाई लक्षित गरी विपन्नको घर तथा जनता आवास कार्यक्रम मार्फत सबै जिल्लाहरूमा आवास इकाईहरू निर्माण भइरहेका। |
| ८५. | प्रदेश राजधानी वीरेन्द्रनगरलाई व्यवस्थित सहरको रूपमा विकास गर्न चक्रपथ निर्माण तथा व्यवस्थापन कार्य एवम् अन्य निर्माणाधीन सडक तथा पुलहरूको निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेश सरकारका मन्त्रालयहरूलाई एकिकृत स्थानमा स्थानान्तरण गर्न एकिकृत प्रशासनिक भवन निर्माण कार्य तीन | • प्रदेश राजधानीमा विभिन्न सडकहरू कालोपत्रे गर्ने कार्य भएका तथा भइरहेका।<br>• प्रदेश राजधानी एकिकृत पूर्वाधार विकास कार्यक्रम शीर्षकमा छुट्टै बजेट विनियोजन भई काम भइरहेकोमा मन्त्रालयहरू रहेका शहरी क्षेत्रमा सडक स्तरोन्नती कार्यको लागि सम्झौता भएकोमा |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | वर्षभित्र सम्पन्न गर्नेगरी आगामी आर्थिक वर्ष रू. ७४ करोड विनियोजन गरेको छु। | निर्माण व्यवसायीले समयभित्रै काम सम्पन्न नगरेको तथा अनेक पहल गर्दा पनि सम्पन्न गर्ने अवस्था नदेखिएको हुँदा सम्झौता अन्त्य गरी नयाँ बोलपत्र आह्वान गर्ने कार्यको प्रकृयामा रहेको।<br>• सुर्खेत चक्रपथ निर्माण कार्यको बोलपत्र आह्वान भइसकेको तथा प्रदेशका केही शहरहरूमा मौलिक विशेषतायुक्त झल्कने गरी दिगो तथा हरित शहर केन्द्रित संरचनाहरूको डिजाइन सहित वस्ती विकास लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका। |
| ८६. | भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लाका निर्माणाधीन सामुदायिक विद्यालय तथा सरकारी स्वास्थ्य केन्द्रहरूको पुनःनिर्माण कार्यलाई निरन्तरता दिदै थप क्षतिग्रस्त संरचना निर्माण गर्न रू. ४२ करोड १० लाख विनियोजन गरेको छु। | • सार्वजनिक विद्यालय र स्वास्थ्य संस्थाहरूको पूनर्निमाणको लागि मन्त्रालयबाट गत आ.व.मा रुकुम पश्चिममा २७ वटा विद्यालय तथा ५ स्वास्थ्य चौकी गरी ३२ वटा, जाजरकोटमा ३१ वटा विद्यालय तथा ११ स्वास्थ्य चौकी गरी ४२ वटा र सल्यानमा ४ वटा विद्यालय तथा २ स्वास्थ्य चौकी गरी ६ वटा गरी जम्मा ६२ विद्यालय र १८ स्वास्थ्य चौकी गरी कूल ८० वटा संस्थाहरूको पूनर्निमाण सम्पन्न गर्ने लक्ष्य रहेकोमा रुकुम पश्चिममा १६ वटा विद्यालय तथा ४ स्वास्थ्य |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | | चौकी गरी २० वटा, जाजरकोटमा २२ वटा विद्यालय तथा ५ स्वास्थ्य चौकी गरी २७ वटा र सल्यानमा ४ वटा विद्यालय तथा २ स्वास्थ्य चौकी गरी ६ वटा गरी जम्मा ४२ विद्यालय र ११ स्वास्थ्य चौकी गरी ५३ संरचनाको पूनर्निमाण कार्य सम्पन्न भएको।<br>• बाँकी निर्माणाधिन तथा चालू आ.व.मा सम्झौता भएका रुकुम पश्चिममा १६ वटा विद्यालय तथा ५ स्वास्थ्य चौकी गरी २१ वटा, जाजरकोटमा २१ वटा विद्यालय तथा ५ स्वास्थ्य चौकी गरी २६ वटा गरी जम्मा २७ विद्यालय र १० स्वास्थ्य चौकी गरी कूल ३७ वटा संस्थाहरूको पूनर्निर्माण यसै आ.व.मा सम्पन्न हुने गरी काम भइरहेको। |
| ८७. | निर्माण कार्यको गुणस्तर प्रवर्द्धनमा विशेष जोड दिइने छ। यसका लागि वीरेन्द्रनगर स्थित पूर्वाधार विकास निर्देशनालयमा रहेको निर्माण सामग्री प्रयोगशालालाई थप व्यवस्थित तथा सुदृढीकरण गरीनुका साथै बाँकी जिल्लाका पूर्वाधार विकास कार्यालयमा स्थापना भएका प्रयोगशालाको समेत स्तरोन्नती गर्दै लगिनेछ। | • निर्माण कार्यको गुणस्तर प्रवर्द्धनमा विशेष जोड दिइने नीति अख्तियार गरिएको।<br>• सुर्खेतमा स्थापना भएको निर्माण सामग्री परीक्षण प्रयोगशालालाई व्यवस्थित गराई प्रदेशस्तरीय प्रयोगशालाका रूपमा सञ्चालन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्य | प्रगतिको अवस्था |
|---|---|---|
| | | • सबै पूर्वाधार कार्यालयहरूमा समेत सानो युनिटको निर्माण सामाग्री परीक्षण प्रयोगशाला स्थापना गरिएको। |
| ८८. | भवन निर्माण सम्बन्धी कानून तर्जुमा गरिनेछ। भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालामा सचेतना अभिवृद्धि र क्षमता विकासमा सहयोग गर्ने व्यवस्था मिलाएको छु। | • भवन निर्माण सम्बन्धी कानून हालसम्म तर्जुमा गरिएको छैन तर हेल्भेटास नेपालको सहयोगमा जाजरकोट तथा रूकुम पश्चिममा ५८० जनालाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी ५० कार्यदिने तालिम दिई सीप परीक्षण समेत गराइएको। |
| ८९. | जिल्ला सदरमुकाम तथा सहरोन्मुख बस्तीहरूको एकिकृत भौतिक व्यवस्थापन गर्दै लैजाने नीति अनुरूप वीरेन्द्रनगर, दुनै, सिमकोट लगायतका सहरहरूमा भौतिक पूर्वाधारको कार्यक्रमको लागि रकम विनियोजन गरेको छु। | • जिल्ला सदरमुकाम तथा सहरोन्मुख बस्तीहरूको एकिकृत भौतिक व्यवस्थापन गर्दै लैजाने नीति अनुरूप वीरेन्द्रनगर, दुनै, सिमकोट लगायतका सहरहरूमा भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालन भइरहेको। |

## ७. आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म सम्पादन भएका प्रमुख कार्यहरूः

- निर्माण कार्य सुस्त भएका तथा सम्झौता पश्चात निर्माण कार्य नै सुरू नभएका आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीहरूको पटक पटक बैठक राखी निर्माण कार्यको प्रगति गराउन पहल गरिएको।
- विपन्न परिवारको लागि थप ६५ आवास एकाई निर्माण भएका।
- चालु आ.व.को यस अवधिमा ६५ वटा बस ट्रक तथा मिनिबस, ३०१ वटा माइक्रोबस, जिप, कार तथा पिकअप, २९९४ वटा मोटरसाइकल तथा स्कुटर, ३५ वटा ट्र्याक्टर, १२५ वटा टेम्पो तथा अटोरिक्सा दर्ता भएको। यस मन्त्रालय अन्तर्गत कूल २५ करोड ८१ लाख ४० हजार राजस्व सङ्कलन भएको।

- वीरेन्द्रनगर, सुर्खेतलाई स्वच्छ, सुन्दर र व्यवस्थित शहरको रूपमा विकास गर्न प्रदेश राजधानी विकास कार्यक्रम सञ्चालन भइरहेको। प्रदेश सरकारका मन्त्रालयहरूलाई एकिकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकिकृत प्रशासनिक भवन तथा परिसर निर्माणको लागि खरिद कार्य सम्पन्न भई सम्झौताको चरणमा रहेको।
- विभिन्न जिल्लामा बाढीको कारण क्षति भएका सडकहरूको तत्काल मर्मत गरी यातायात सेवा सुचारु गर्ने कार्य गरिएको।
- एकदर्जनभन्दा बढी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने कार्य भएको।

## ८. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

| ब.उ.शि.नं. | ब.उ.शि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३३७००९०२ | ग्रामिण सडक संजाल आयोजना | १५१७५०.०० | ३२३५६.१४ | २१.३२ |
| ३३७००९०३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना आयोजना | २७५८९०.०० | ३८६६३.०२ | १४.०१ |
| ३३७०१०११-३/४ | पूर्वाधार विकास निर्देशनालय | ३४४६५.०० | २४१००.६६ | ६९.९३ |
| ३३७०१०१२३ | पूर्वाधार विकास कार्यालयहरू | ९९८४४.०० | ६२७३८.३० | ६२.८४ |
| ३३७०१९०१ | राजधानी एकिकृत पूर्वाधार विकास कार्यक्रम | ७४००००.०० | ०.०० | ०.०० |
| ३३७०१९०२४ | झोलुङ्गे पुल कार्यक्रम | ३९३५६०.०० | ६११९८.८३ | १५.५५ |
| ३३७०१९०३४ | सडक लगायतका पूर्वाधारहरूको आकस्मिक तथा नियमित मर्मत कार्यक्रम | ९०८००.०० | १८०२८.५० | १९.८६ |
| ३३७०१९०४४ | सरकारी भवन, आवास तथा सामुदायिक भवन निर्माण र मर्मत कार्यक्रम | ५५०२००.०० | १०२१२३.२६ | १८.५६ |

| ब.उ.शि.नं. | ब.उ.शि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३३७०१९०७४ | सडक मोटरेवेल पुल कार्यक्रम | ११५४१००.०० | १६०४५४.३३ | १३.९० |
| ३३७०१९०८४ | सडक निर्माण कार्यक्रम | ४३६७६०७.०० | ७८७६५९.७१ | १८.०३ |
| ३३७०१९०९४ | जनता आवास, विपन्नको घर र एकिकृत वस्ती विकास कार्यक्रम | २०६०००.०० | २३४०५.९५ | ११.३६ |
| ३३७०२०११ | यातायात व्यवस्था कार्यालयहरू | २१८९४.०० | १००९७.८९ | ४६.१२ |
| ३३७०२०१२ | यातायात व्यवस्था सेवा कार्यालयहरू | २६०४९.०० | १३६७१.२६ | ५२.४८ |
| ३३७०१०१२४ | पूर्वाधार विकास कार्यालयहरू | ३०२००.०० | ७९९६.३३ | २६.४८ |
| ३०१६१९०१४ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान | २४४५०.०० | १७७६.०० | ७.२६ |
| | **जम्मा** | **८३०००५७.००** | **१३७१२३२.६५** | **१६.५२** |
| | **ससर्त अनुदान** | | | |
| ३३७९११२३४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायीक पहुच सुधार आयोजना (सङ्घ ससर्त अनुदान) | १३००००.०० | १४४४२.८० | ११.११ |
| ३३७९११२४४ | बस्ती विकास कार्यक्रम(सङ्घ ससर्त अनुदान) | १३२५००.०० | १६५१४.६६ | १२.४६ |
| ३३७९११२८४ | ग्रामिण सडक संजाल सुधार आयोजना आयोजना ए एफ(सङ्घ ससर्त अनुदान) | ७१६६००.०० | १८८९८८.१० | २६.३७ |
| ३३७९११३०३-४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १०५००.०० | २४५९.०३ | ०.२३ |

| ब.उ.शि.नं. | ब.उ.शि.नं. को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३३७९११३३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ८२६५००.०० | १३९६२६.६८ | १६.८९ |
| | **जम्मा** | १८१६१००.०० | **३६२०३१.२७** | **१९.९३** |
| | **समपुरक अनुदान** | | | |
| ३३७०१९०६४ | समपुरक आयोजना | १३००००.०० | १४४४२.८० | ११.११ |
| | **जम्मा** | **१३२५००.००** | **१६५१४.६६** | **१२.४६** |
| | **कुल जम्मा** | **७१६६००.००** | **१८८९८८.१०** | **२६.३७** |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरू तथा चुनौतीहरूः

- दरबन्दी अनुसार कर्मचारी पदपुर्ति हुन नसक्नु, उल्लेख्य मात्रामा प्राविधिक पदहरू रिक्त रहेको।
- सङ्घ, प्रदेश तथा स्थानीय तह बीचमा समन्वयको कमीले आयोजना/कार्यक्रमहरू दोहोरो (Duplication) प्रविष्टि हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न भएको।
- वास्तविक आवश्यकताका आधारमा योजना छनौट नहुने र छनौट भएका योजनाहरूमा सानो सानो बजेट छर्ने प्रवृतिले कार्यान्वयनमा समस्या भएको।
- स्पष्ट कार्यविधिको अभाव तथा अन्तरमन्त्रालय समन्वयको अभावले गर्दा बजेट कार्यान्वयनमा समस्या भएको छ। जस्तो राष्ट्रिय निकुञ्ज सम्बन्धि कार्यविधिमा भएको अफठ्याराहरू।
- गुणस्तर परिक्षण प्रयोगशाला नहुँदा जोखिम मोलेर निर्माणाधिन आयोजनाहरूको मूल्याङ्कन गर्नुपर्ने अवस्था रहेको। स्थापना भएका प्रयोगशालामा पनि ल्याव सम्बन्धी काम गर्ने टेक्निसियनको दरबन्दीको अभाव।
- बहुवर्षिय आयोजनाहरूमा स्रोत सुनिश्चितता गरेको रकमलाई भन्दा नयाँ आयोजनाहरूमा रकम विनियोजन गर्ने प्रवृत्ति।
- खरिद प्रकृया लामो तथा झन्झटिलो हुनु।
- भौगोलिक अवस्थिती, निर्माण सामाग्रीको आपुर्तिमा सहज नहुनु।
- बेरुजुको मात्रा बढ्दै जानु। बेरूजु फछर्योटमा कार्यालयहरू उदासिन रहनु।

**तत्काल गर्नुपर्ने कार्यहरू**

- जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य।
- कार्यक्रम, कार्य प्रकृति, कार्यबोझ तथा भूगोल सुहाउदो संगठन निर्माण गर्न सङ्गठन व्यवस्थापन सम्बन्धी कार्य।
- न्युन बजेट भएका आयोजनाहरूमा बजेट विनियोजन गरी समयमै सम्पन्न गर्ने।
- अन्तर मन्त्रालय समन्वय गर्नुपर्ने
- बजेट व्यवस्थापन र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक काम गर्नुपर्ने।

**बजेट तथा कार्यक्रम कार्यान्वयन समयमै गर्ने उपायहरू**

- यथार्थपरक योजना बैङ्क बनाई सोही बमोजिम प्राथमिकता तथा आवश्यकता आधारमा कार्यान्वयन गर्नुपर्ने। नयाँ आयोजना छनोट गर्दा स्वीकृत प्रादेशिक सडक सञ्जाल गुरूयोजनालाई आधार बनाउने।
- योजना छनौट गर्दा Bottom Up Approach अवलम्बन गर्ने।
- आयोजनाहरूमा रकमान्तर र स्रोतान्तर समयमै गर्ने।
- सङ्घ, प्रदेश तथा विभिन्न कार्यगत मन्त्रालय बीच समन्वय गर्नुपर्ने ।
- Material Testing Lab स्थापना तथा स्तरोन्नति गरी जनशक्तिको समेत व्यवस्था गर्न पर्ने।

## १०. आ.व. २०८२/८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः

- कर्णाली प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८२

## ११. मन्त्रालय र मातहत निकायमा रहेको जनशक्तिको विवरणः

| कुल दरबन्दी संख्या | कुल पदपुर्ति संख्या | कुल रिक्त संख्या |
|---|---|---|
| २२१ | १६५ | ५६ |

# सामाजिक विकास मन्त्रालय

## १. परिचयः

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेटने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई सञ्चालनमा रहेको छ। यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्। मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरी जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

## २. मन्त्रालयको दीर्घकालीन सोचः

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तिकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

## ३. मन्त्रालयको दीर्घकालीन सोच हासिल गर्ने ध्येयः

- कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,
- उद्यमशील, सीपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,

- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्बर्द्धन गर्ने,

## ४. रणनैतिक उद्देश्यहरू:

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सीपयुक्त, जीवनपयोगी, रोजगारमूलक र उत्पादनमूलक बनाउने,
- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोजमूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- बालअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका विभिन्न आयामहरूमा अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा लैङ्गिकमैत्री रणनीति अवलम्बन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा वञ्चितिकरणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सीप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्बी बनाउदै विकासको सम्वाहक शक्तिको रूपमा विकास गर्ने,
- सबैका लागि खेलकुदको अभिप्राय बमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यावसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने,
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, साँस्कृतिक, पुरातात्विक बहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने।

## ५. मन्त्रालयको कार्यक्षेत्रः

प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ (संशोधन समेत) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, |
| ३. | प्रदेशस्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण, |
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, |
| ६. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन, |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन, |
| ९. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| १०. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, |
| ११. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन, |
| १२. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, |
| १३. | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन, |
| १४. | राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ् होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन, |
| १५. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन, |
| १६. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १७. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन, |
| १८. | औषधी निगरानी (Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण, |
| १९. | खोप र परिवार नियोजन, |
| २०. | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन, |
| २१. | प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह, |
| २२. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन, |
| २३. | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन, |
| २४. | स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन, |
| २५. | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, |
| २६. | राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, |
| २७. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, |
| २८. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन, |
| २९. | जनसङ्ख्या, बसाईँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय, |
| ३०. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ३१. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन, |
| ३२. | महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान, |
| ३३. | लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ३४. | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवाप्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बालसुधार तथा पुनर्स्थापना, |
| ३५. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, |
| ३६. | लोपोन्मुख, सीमान्तकृत, गरीब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन, |
| ३७. | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य, |
| ३८. | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका स्थलसम्बन्धी, |
| ३९. | भाषा, लिपि संस्कृति, ललित कला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४०. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन, |
| ४१. | प्रादेशिकस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन, |
| ४२. | प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण, |
| ४३. | धर्म, परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन, |
| ४४. | संस्कृतिको विकाससम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४५. | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, |
| ४६. | खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन, |
| ४७. | खेलकूद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन, |
| ४८. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता, |

## ६. आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०८२ चैत्रसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| १०८ | उपयुक्त शैक्षिक पूर्वाधार निर्माण, नवीनतम् प्रविधिको उपयोग र शैक्षिक सामग्रीको व्यवस्थापन गरी शिक्षालाई गुणस्तरीय, उद्यमशील, रोजगारमुखी र जीवन उपयोगी बनाइनेछ। | निरन्तर कार्यक्रमहरू सञ्चालन भइरहेको। |
| १०९ | सामुदायिक विद्यालयको पठन-पाठनलाई सहज बनाई गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राखेको छु। आगामी आर्थिक वर्षमा ३९० वटा विद्यालयको भौतिक पूर्वाधारको सुधार तथा विकासमा सहयोग गरिनेछ। | सामुदायिक विद्यालयको पूर्वाधार विस्तार तथा सुधार कार्यक्रम अन्तरगत सम्झौता भइ कार्यान्वयन भैरहेको। |
| ११० | विगतमा प्रदेश सरकारले सुरु गरी निर्माण सम्पन्न हुन नसकेका सामुदायिक विद्यालयका अधुरा भवन पहिचान गरी निर्माण सम्पन्न गर्न रू.१५ करोड विनियोजन गरेको छु। | निर्माण सम्पन्न हुन नसकेका सामुदायिक विद्यालयका अधुरा भवन निर्माणको लागि विद्यालय यकिन गरी सामाजिक विकास कार्यालयमार्फत कार्य अघि बढिरहेको। |
| १११ | सार्वजनिक शिक्षामा सुधार गरी नतिजामुखी बनाउदै गुणस्तर अभिवृद्धि गर्न कक्षा १० का विद्यार्थी लक्षित एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुवै कार्यक्रमका लागि रू.१६ करोड व्यवस्था गरेको छु। | • कक्षा १० का विद्यार्थी लक्षित एसईई विद्यार्थी डिजिटल शिक्षा सहयोग कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाइ बिद्यालय छनोटको प्रक्रिया अगाडी बढेको।<br>• सामुदायिक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाई प्रतिस्पर्धी एवम् दक्ष जनशक्ति उत्पादन गर्न मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रमका लागि मापदण्ड बनाइ विद्यालय छनोट कार्य अगाडी बढेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| ११२ | स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठुला विद्यालय विकास कार्यक्रम सञ्चालनको लागि रू.६ करोड विनियोजन गरेको छु। | स्थानीय तहको साझेदारीमा एक प्रदेश निर्वाचन क्षेत्र एक आवासीय सुविधा सहितका ठुला विद्यालय विकास कार्यक्रम सञ्चालनको प्रक्रिया अगाडी बढेको। |
| ११३ | युवाको प्राविधिक ज्ञान र सीप विकास गरी दक्ष सीपयुक्त जनशक्ति उत्पादन गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार्न, परम्परागत तथा धार्मिक विद्यालय सञ्चालन गर्न तथा "हामी सुधाछौं हाम्रो विद्यालय" अभियानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। | • युवाको प्राविधिक ज्ञान र सीप विकास गरी दक्ष सीपयुक्त जनशक्ति उत्पादन गर्न, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम प्रदायक शिक्षण संस्थाहरूको गुणस्तर सुधार गर्न ६ करोड ५४ लाख एसडिसि सहयोग अन्तरगत कार्यक्रमहरू सञ्चालनमा रहेको।<br>• अपाङ्गता भएका बालबालिकाहरूको लागि सञ्चालित विद्यालय तथा स्रोत केन्द्रहरूको व्यवस्थापनमा आवश्यक सहयोगको प्रक्रिया अगाडी बढेको। |
| ११४ | प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन प्राविधिक शिक्षामा स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा उच्च शिक्षा अध्ययनरत प्रदेशका गरीव तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न आवश्यक रकम विनियोजन गरेको छु। छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत समूहलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु। | छोरीबुहारी, दलित, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, सीमान्तकृत, स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि, भेटेनरी, पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक एवम् उच्च शिक्षा अध्ययनरत प्रदेशका गरीब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्न दशवटै जिल्लाबाट सूचना प्रकाशित भई प्रक्रिया अगाडी बढेको। |
| ११५ | विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि अङ्ग्रेजी, | विद्यार्थी-शिक्षक अनुपात उच्च रहेका सामुदायिक विद्यालयका लागि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| | गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। | अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नका लागि एकमुष्ट अनुदान सहयोग उपलब्ध गराइएको। |
| ११६ | मध्यपश्चिम विश्वविद्यालयको इन्जिनियरिङ्ग सङ्कायमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत बिद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन र प्रदेशमा प्रयोग हुने निर्माण सामग्री तथा निर्मित संरचनाको गुणस्तरीयता परीक्षण गर्न प्रयोगशाला सुदृढीकरणको लागि यन्त्र उपकरण खरिद कार्यमा सहयोगको लागि रू. ४ करोड विनियोजन गरेको छु। | यन्त्र उपकरण खरिद कार्यमा सहयोगको लागि प्रक्रिया अगाडी वढेको। |
| ११७ | उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रदान गरीदै आएको सहयोग तथा विद्यार्थीलाई जीवन उपयोगी ज्ञान र सीप सिकाउन विद्यालयमा अतिरिक्त क्रियाकलापको रूपमा "हप्ताको एकबारः किताब रहित शुक्रबार" कार्यक्रम लाई निरन्तरता दिएको छु। | **"हप्ताको एक बारः किताब रहित शुक्रबार"** कार्यक्रम निरन्तर रूपमा सञ्चालन भैरहेको। |
| ११८ | प्रदेश अस्पताल स्तरोन्नति सम्बन्धमा अध्ययन गर्ने उच्चस्तरीय समितिको प्रतिवेदन बमोजिम प्रदेश अस्पताल सुर्खेतलाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गरिनेछ। अस्पतालबाट प्रदान गरिने विशेषज्ञ स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन जनशक्ति, भौतिक पूर्वाधार, औषधी र उपकरणको व्यवस्था मिलाईनेछ। अस्पतालको छुट्टै ओपिडि ब्लक निर्माण लगायतका पूर्वाधार विकासको लागि रू. १० करोड ५० लाख विनियोजन गरेको छु। | छुट्टै ओपिडि ब्लक निर्माणाधीन अवस्थामा रहेको। |
| ११९ | आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच स्थापित गर्न, विरामीको उपचार खर्चमा सहुलियत प्रदान गर्न तथा अपाङ्ग एवम् | जिल्लास्थित जन/स्वास्थ्य सेवा कार्यालयबाट कार्यक्रम सञ्चालन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| | असहाय नागरिकका लागि प्रदान गर्दै आएको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु। कर्णाली प्रदेशका सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउन अभियान सञ्चालन गरिनेछ। | |
| १२० | रणनीतिक स्थानमा रहेका अस्पतालको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिएको छु। प्रदेशका सबै जिल्लामा नियमित रूपमा आधारभूत औषधी, गुणस्तरीय स्वास्थ्य सामग्री र उपकरणको आपूर्ति व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु। | रणनीतिक स्थानमा रहेका ३ वटा अस्पताल/स्वास्थ्य संस्थाको स्तरोन्नतिका लागि प्रति सँस्था रू.१ करोड गरी जम्मा रू.३ करोड प्रदान गरिएको। |
| १२१ | क्यान्सर, मुटु, मृगौला, अलजाइमर, पार्किन्सन, एनिमिया, रिकेट्स, सिकलसेल एनिमिया, स्पाइनल इञ्जुरी, हेड इन्जुरी, अटिजम जस्ता दीर्घ रोगबाट पिडित विरामीको उपचार सहायताको लागि रू. १ करोड विनियोजन गरेको छु। | स्वास्थ्य सेवा निर्देशनालयबाट रू.८२ लाख रकम वितरण भएको। |
| १२२ | नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुर्‍याउन इ-हेल्थ सेवा, टेलिमेडिसिन विशेषज्ञ सेवा, विशेषज्ञ स्वास्थ्य शिबिर, अस्पताल एवम् प्रयोगशाला सुदृढीकरण गर्दै लगिनेछ। | पाँच जिल्लामा टेलिमेडिसिन विशेषज्ञ सेवा सञ्चालन भइरहेको। |
| १२३ | सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु। | मन्त्रालयमा महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोषको स्थापना भएको। |
| १२४ | सार्वजनिक स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई पोषणको लागि प्रदेशका "क" वर्गका स्थानका लागि रू.२ हजार ५ सय र "ख" वर्गको स्थानका लागि रू.२ हजार सुत्केरी पोषण भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु। | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरूलाई ससर्त अनुदानको रूपमा प्रदान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| १२५ | कर्णाली प्रदेश सरकारले विगतदेखि स्वास्थ्य स्वयंसेविकालाई दिइदै आएको प्रोत्साहन भत्ता वृद्धि गरी रू.१२ हजार पुर्‍याएको छु। यस्तो प्रोत्साहन भत्तालाई स्वयंसेविकाबाट प्रदत्त सेवासँग प्रविधिमार्फत आवद्ध गर्ने र यसबाट महिला स्वास्थ्य स्वयंसेविकाहरू आफ्नो जिम्मेवारीप्रति थप उत्तरदायी भइ स्वास्थ्य सेवा प्रभावकारी हुने अपेक्षा लिएको छु। | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरूलाई ससर्त अनुदानको रूपमा प्रदान गरिएको। |
| १२६ | दुर्गम ग्रामीण क्षेत्रका स्थानीय बासिन्दालाई नजिकको स्थानबाट न्यूनतम् आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालनलाई प्रभावकारी बनाइनेछ। | कर्णाली प्रदेशका सम्पूर्ण स्थानीय तहहरूलाई ससर्त अनुदानको रूपमा प्रदान गरिएको। |
| १२७ | प्राकृतिक उपचार पद्धतिको विकास तथा प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा आयुर्वेद तथा प्राकृतिक चिकित्सा सम्बन्धी राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको स्तरोन्नति गरी छुट्टै आयुर्वेदिक औषधी उत्पादन केन्द्रको रूपमा विकास गरिनेछ। जिल्लामा रहेका आयुर्वेद स्वास्थ्य केन्द्रहरूको सुदृढीकरण गरी आयुर्वेद उपचार सेवाका लागि नागरिकलाई प्रोत्साहन गरिनेछ। | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट १३ प्रकारका औषधि उत्पादन कार्य भइरहेको। जिल्लास्तरमा जडिबुटी सङ्कलन कार्य भईरहेको। |
| १२८ | होमोप्याथिक, आम्ची, प्राकृतिक, अकुपञ्चर जस्ता वैकल्पिक चिकित्सा सेवालाई नागरिकको जीवनशैलीसँग आवद्ध गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। आध्यात्मिक संस्थाहरूको समन्वयमा स्वजागरण र योग ध्यान लगायत आध्यात्मिक क्रियाकलापलाई विस्तार गर्न | जुम्ला, रुकुम पश्चिम र मुगु जिल्लामा आम्ची सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| | जिल्लास्तरसम्म योग प्रशिक्षणको लागि आवश्यक रकमको व्यवस्था गरेको छु। | |
| १३२ | बालवालिका, किशोरी, प्रजनन उमेरका तथा सुत्केरी महिलाको मानसिक तथा शारीरिक स्वास्थ्यका लागि सुत्केरी पोषण कोसेली कार्यक्रम र पोषिलो पिठो (सुपर सेरल प्लस) वितरण गरिनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छु। | सुत्केरी पोषण कोसेली कार्यक्रम स्थानीय तहबाट सञ्चालन भइरहेको। पोषिलो पिठो (सुपर सेरल प्लस) सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार भएको। |
| १३३ | सङ्घीय सरकारको सहकार्यमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। प्रतियोगिताका सबै खेलहरू प्रदेशमै आयोजना गर्ने गरी भौतिक संरचना निर्माण तथा खेल पुर्वाधार विकासको लागि रू.१८ करोड विनियोजन गरेको छु। | कर्णाली प्रदेश खेलकुद विकास परिषद् अन्तर्गत कार्यान्वयन हुने व्यवस्था गरिएको। |
| १३४ | दशौ राष्ट्रिय खेलकुद पूर्व तयारीका कार्य, अन्तर प्रदेश कप प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा प्रदेशबाट पदक विजेता खेलाडीलाई नगद पुरस्कार सहित प्रोत्साहनको व्यवस्थाको लागि कुल रू.१० करोड विनियोजन गरेको छु। | कर्णाली प्रदेश खेलकुद विकास परिषद् मार्फत कार्यान्वयन हुने व्यवस्था गरिएको। |
| १३५ | खेलकुद विकासका लागि आवश्यक पूर्वाधार र उपयुक्त वातावरण निर्माण गरी खेलकुदसँग सम्बन्धित आधिकारिक सङ्घसंस्थाको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। | कर्णाली प्रदेश खेलकुद विकास परिषद् मार्फत कार्यान्वयन हुने व्यवस्था गरिएको। |
| १३६ | "मेरो स्वास्थ्य मेरो कर्तव्य" बोध गर्दै स्वस्थ र सिर्जनशील जीवनयापनका लागि खेलकुद, योग, व्यायाम, ध्यान लगायतका कार्यक्रमलाई क्रमशः विद्यालय तहसम्म विस्तार गरिनेछ। प्रदेशभित्रै व्यावसायिक खेलाडी उत्पादन गर्न आवश्यक सहयोग मिलाईनेछ। | कर्णाली प्रदेश खेलकुद विकास परिषद् मार्फत कार्यान्वयन हुने व्यवस्था गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| १३७ | विकासको मूलप्रवाहबाट पछि परेका वर्ग, लोपोन्मुख, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूहलाई सीप विकास तथा सशक्तीकरण मार्फत क्षमता विकासका कार्यक्रम सञ्चालन गरी मूलप्रवाहीकरण गर्दै लगिनेछ। | लोपोन्मुख राउटे समुदायको मुलप्रवाहीकरण नीति निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको। |
| १३८ | सीपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमशीलता विकास, रोजगारमूलक तालिम र प्रविधि हस्तान्तरणमार्फत उद्यमीहरूलाई उत्प्रेरित एवम् क्षमतावान बनाउन कार्यक्रम सञ्चालन गरिनेछ। | महिला उद्यमी तथा महिला उद्यमी समुहलाई प्रविधि सहयोग कार्यक्रमको सूचना प्रकाशन गरी स्थानीय तह मार्फत प्रस्तावनाहरू संकलन गरिएको। |
| १३९ | लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको उद्धार संरक्षण र पुनर्स्थापनाका लागि समुदायको सहभागितामा प्रदेशस्तरमा दीर्घकालीन पुनस्र्थापना केन्द्र स्थापना गरिनेछ। अल्पकालीन सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। लैङ्गिक हिंसा प्रभावितका लागि प्रेषण प्रणाली तथा बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी कानुनी व्यवस्था गरिनेछ। | लैङ्गिक हिसांमा परेका महिला तथा बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापनाका लागि वीरेन्द्रनगर नगरपालिकालाई बजेट उपलब्ध गराइएको। |
| १४० | कर्णाली प्रदेश सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश कार्यान्वयन गर्न मानव सेवा आश्रम लगायतका सङ्घ-संस्थालाई सेवा सङ्ख्याका आधारमा अनुदान र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। वीरेन्द्रनगरमा सञ्चालित मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि रू.१ करोड ५० लाख विनियोजन गरेको छु। | मानव सेवा आश्रमको पूर्वाधार विकासका लागि आश्रम र मन्त्रालय बिच सम्झौता भई आश्रममार्फत कार्य अगाडि बढेको। |
| १४१ | कोही र केही नभएका ज्येष्ठ नागरिकको सहज, सरल र सम्मानपूर्ण जीवनयापनको लागि व्यवस्थित वृद्धाआधम सञ्चालन सहयोगमा निरन्तरता दिएको छु। ज्येष्ठ | कर्णाली प्रदेशमा सञ्चालनमा रहेका जेष्ठ नागरिक सेवा केन्द्रहरूलाई सञ्चालन र भौतिक संरचना |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| | नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रम लगायतका कल्याणकारी सामुदायिक संस्थाहरूको सञ्चालन र भौतिक संरचना निर्माणमा वित्तीय सहयोग गरिनेछ। | निर्माणका लागि प्रस्ताव आह्वान गरिएको। |
| १४५ | महिला सशक्तीकरण तथा संरक्षणका लागि समर्पित कार्यक्रमहरूलाई प्राथमिकतामा राखी हिंसा पिडित, एकल महिला, द्वन्द्वपिडित तथा सन्तानको शिक्षाको लागि अस्थायी वसोवास गरीरहेका आमाको लागि सीपविकास, आश्रय व्यवस्थापन तथा जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ। | वीरेन्द्रनगरमा सन्तान पढाउन अस्थायी बसोबास गरेका आमाहरूको लागी सीप विकास तालिम सञ्चालन गर्न सूचना प्रकाशन भई तालिम सञ्चालन कार्यक्रम अन्तिम चरणमा रहेको। |
| १४६ | नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दैलेखको दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने व्यवस्था मिलाईनेछ। | नेपाली भाषाको उद्गमस्थल जुम्लाको सिंजा र दुल्लु लगायत भाषाको अभिलेख भएका अन्य स्थानमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान गर्ने तयारी भएको। |
| १४७ | प्रदेशको मौलिक कला, संस्कृति, भाषा, साहित्य र पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण, प्रवर्द्धन, सम्वर्द्धनका लागि कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ। यसबाट प्रदेशको कला, साहित्य, संस्कृति, लोक जीवनको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिएको छु। | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना सम्बन्धी विधेयक संसदमा पेश भएको। |
| १४८ | नेपाली भाषाको मातृ भाषाको रूपमा रहेको खस भाषालाई संरक्षण र प्रवर्द्धन गर्न रेडियो नेपाल लगायतका सञ्चार माध्यमबाट सो सम्बन्धी कार्यक्रम प्रसारण र प्रकाशन गर्ने व्यवस्था मिलाएको छु। | तयारी तथा छलफल भएको। |
| १४९ | स्थानीय तहसँगको साझेदारीमा कर्णाली प्रदेशमा रहेका सम्पदाहरूको अभिलेखीकरण, संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। योगी नरहरिनाथको योगदानलाई उच्च कदर गर्दै | सामाजिक विकास मन्त्रालय तथा प्रदेश संग्रहालय तथा अभिलेखालय मार्फत कार्यक्रम सञ्चालन चरणमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त बेहोरा | प्रगति |
|---|---|---|
| | प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय सुर्खेतमा कृतिको अभिलेखीकरणका लागि आवश्यक व्यवस्था मिलाएको छु। | |

## आर्थिक वर्ष २०८२/८३ को चैत्रसम्म सम्पादन भएका प्रमुख कार्यहरू:

**स्वास्थ्य, पोषण तथा सरसफाइ क्षेत्र:**

- प्रदेश अस्पताललाई प्रतिष्ठान बनाउन मन्त्रालयका स्वास्थ्य सेवा महाशाखा प्रमुखको संयोजकत्वमा कार्यदल गठन भइ कार्य भइरहेको,
- पूर्ण संस्थागत सुत्केरी कार्यविधिको मस्यौदा स्वीकृत गरिएको,
- स्वास्थ्यका कार्यक्रमको साझेदारी कार्यविधिको मस्यौदा तयार गरिएको,
- मानसिक स्वास्थ्य सचेतना अभियान २०८२ अन्तर्गत मानसिक स्वास्थ्यका तालिम लगायत विभिन्न कार्यक्रमहरू आयोजना गरिएको,
- प्रदेशलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको।

**शिक्षा क्षेत्र:**

- प्रधानाध्यापक र शिक्षालय प्रमुखहरूको लागि टिभेट व्यवस्थापन तालिम (रिफ्रेसर तालिम) सम्पन्न गरिएको,
- वृत्ति मार्गनिर्देशन सम्बन्धी शिक्षकहरूलाई पुनर्ताजगी तालिम सञ्चालन गरिएको,
- प्राविधिक शिक्षालयहरूको गुणस्तर सुधार गर्नको लागि प्राविधिक शिक्षालयका प्रमुखहरूको क्षमता विकास अन्तर्गत २२ वटा शिक्षालयका प्रमुखहरूको सहभागितामा प्राविधिक शिक्षालय व्यवस्थापन तालिम सम्पन्न गरिएको,
- प्रदेश तथा स्थानीय तहमा सीप परीक्षण डाटा प्रविष्टिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।

**सामाजिक क्षेत्र:**

- बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको,
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला उद्यमी पुरस्कार प्रदान कार्यक्रम सञ्चालनको लागी सूचना प्रकाशन गरिएको,

- बादी समुदायको लागि सीप विकास तालिम सञ्चालनका लागि पहिलो चरणको बैठक बसेको,
- स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका क्षेत्रमा कार्यरत कमर्चारीहरूका लागि बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली सञ्चालन सम्बन्धी क्षमता विकास तालिम सम्पन्न गरिएको,
- बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ सुदृढीकरण सञ्चालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन प्रक्रिया अगाडि बढेको,
- बालविवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी तथा अभिभावक रुपान्तरण कार्यक्रम साझेदारी कार्यक्रम सम्पन्न गरिएको,
- महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, दलित, पिछडिएको वर्ग सम्बन्धी विभिन्न सूचना तथा सचेतनामूलक सामग्रीको निर्माण, प्रकाशन, प्रसारण तथा वितरणका लागि प्रक्रिया अगाडि बढेको।

**युवा, खेलकुद, भाषा, धर्म तथा संस्कृतिः**

- कर्णाली प्रदेश युवा नीतिको मस्यौदा तयार गरिएको,
- भाषा, धर्म, संस्कृति लगायतका कार्यक्रमहरूमा पुरस्कार तथा प्रोत्साहन प्रदान गर्न विभिन्न कार्यविधिहरू तयार गरी कार्यान्वयनको चरणमा रहेको,
- प्रदेश खेलकुद परिषद्का पदाधिकारीहरूको नियुक्तिका लागि सिफारिस गरिएको।
- कर्णाली प्रदेश खेलकुद विकास ऐन संशोधनका लागि सिफारिस गरिएको,
- विभिन्न विधामा प्रोत्साहन तथा पुरस्कार प्रदान गर्नका लागि कार्यविधिहरू तयार भएको।

## ७. आर्थिक वर्ष २०८२/८३ को विनियोजित बजेट र २०८२ चैत्रसम्मको खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३३८६३७३ | १४०८२५७ | ४१.५९ |
| पुँजीगत | २७८३३१६ | ४३८५५८ | १५.७६ |
| **जम्मा** | **६१६९६८९** | **१८४६८१४** | **२९.९३** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ८. आर्थिक वर्ष २०८२/८३ को विनियोजन बजेट चैत्रसम्मको प्रगति विवरणः

*(रू. हजारमा)*

| ब.उ.शि.नं. | ब.उ.शि.नं.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०००११ | सामाजिक विकास मन्त्रालय | ५८९००१ | ९१३५५ | १५.५ |
| ३५०००१३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १९६८१ | ८८२६ | ४४.८ |
| ३५०००९०१ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ३८४५५८ | १४३०५ | ३.७ |
| ३५०००९०२ | प्रदेश खेलकूद परिषद् | २२२२६० | १४१ | ०.१ |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | ३५१९९९ | ११०१९३ | ३१.३ |
| ३५००१०१२ | सामाजिक विकास कार्यालयहरू | १४०३५०० | ३५८६२९ | २५.६ |
| ३५००२०११ | स्वास्थ्य सेवा निर्देशनालय | ७८७३१ | ३६०५६ | ४५.८ |
| ३५००२०१२ | अस्पतालहरू | ४८८७२५ | २४९७९७ | ५१.१ |
| ३५००२०१३ | स्वास्थ्य सेवा कार्यालयहरू | ५८७८०३ | ३२९९८९ | ५६.१ |
| ३५००२०१४ | आयुर्वेद औषधालयहरू | ३०६६९७ | १२०५०० | ३९.३ |
| ३५००२९०२ | एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | १०००० | ० | ० |
| ३५००३०११ | मानव संशाधन विकास केन्द्र | ३३८०४ | १९५५५ | ५७.९ |
| ३५००४०११ | प्रदेश संग्रहालय तथा अभिलेखालय | २६४८१ | ९०२३ | ३४.१ |
| ३५०९११२० | एड्स तथा यौन रोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | ११४०० | ४०८४ | ३५.८ |
| ३५०९११२२ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र (सङ्घ ससर्त अनुदान) | ४२०० | ११४२ | २७.२ |
| ३५०९११२३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (सङ्घ ससर्त अनुदान) | ७३०० | ५१२ | ७ |
| ३५०९११२४ | क्षयरोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | १२४०० | ४५७५ | ३६.९ |
| ३५०९११२५ | नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कयिक्रम (सङ्घ ससर्त अनुदान) | ५२५०० | १६७९३ | ३२ |
| ३५०९११२६ | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४३०० | २०८३ | ४८.४ |
| ३५०९११२७ | महामारी रोग नियन्त्रण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३०८०० | ५८१३ | १८.९ |

| ब.उ.शि.नं. | ब.उ.शि.नं.को नाम | विनियोजन रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०९११२८ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | २७९०० | ७१६६ | २५.७ |
| ३५०९११२९ | परिवार कल्याण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३७६००० | १५४४३५ | ४१.१ |
| ३५०९११३१ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) (सङ्घ ससर्त अनुदान) | ३४१७०० | १४५७३० | ४२.७ |
| ३५०९११३२ | आयुर्वेद सेवा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | २२८०० | ८९३० | ३९.२ |
| ३५०९११३४ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४८४००० | ९३९६३ | १९.४ |
| ३५०९११३५ | उपचारात्मक सेवा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४३८०० | ८६४३ | १९.७ |
| ३५०९११३६ | राष्ट्रिय परीक्षा बोर्ड (सङ्घ ससर्त अनुदान) | ३२००० | २४५१९ | ७६.६ |
| ३५०९११३७ | राष्ट्रिय खेलकुद परिषद् (सङ्घ ससर्त अनुदान) | ९०००० | ० | ० |
| ३५०९११३८ | विद्यालय शिक्षा क्षेत्र योजना (प्रदेश तथा स्थानीय तहका लागि) (सङ्घ ससर्त अनुदान) | १०४६०० | १६६१६ | १५.९ |
| ३५०९११४० | सामाजिक विकास कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ११८०० | ० | ० |
| ३५०९११४१ | रोजगार प्रवर्द्धन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ८९४९ | ३४३९ | ३८.४ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेत।*

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतीहरूः

- समयमै खरिद प्रकृया सम्पन्न हुन नसक्दा केही औषधी उपकरणहरू स्टक आउट हुने गरेको,

- करारका जनशक्तिलाई सेवाबाट हटाए पश्चात लोक सेवाबाट विज्ञापन नहुदा जनशक्तिको अभाव भएको,
- केही विशेष कार्यक्रममा न्यून बजेट विनियोजन हुनु,
- सङ्घ, प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालाहरूबीच समन्वयको अभाव रहेको,
- ईन्टरनेट, उपकरण र डिजिटल साक्षरताको कमी,
- सामाजिक क्षेत्रका प्रगती सुचकहरू मापनको सफ्टवेयर नहुँदा प्रगति देखाउन नसकिएको,
- कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिवको नियुक्ति नभएकाले दैनिक कार्य सञ्चालनमा कठिनाई भएको,
- ओ एण्ड एम नभएकाले पुरातत्व तर्फ कार्य गर्ने कर्मचारी उपलब्ध नभएको,
- प्रदेशका खेलकुद पूर्वाधार तथा नियमित रूपमा खेलकुद कार्यक्रमहरू सञ्चालन गर्न नसिकएको।

## १०. आ.व. २०८२/८३ मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि तथा मापदण्डको विवरणः-

| सि.नं. | ऐन, नियम, कार्यविधि तथा मापदण्डको |
|---|---|
| १. | लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिका, २०८२ |
| २. | युवा उद्यमशीलता पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |
| ३. | कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२ |
| ४. | वाद्यवादनका सामग्री सहयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२ |
| ५. | भाषा, संस्कृतिको क्षेत्रमा योगदानमा आधारित प्रोत्साहन तथा प्रादेशिक प्रतिभा पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |
| ६. | महिनावारी स्वास्थ्य तथा न्यायसम्बन्धी मार्गदर्शन, २०८२ |
| ७. | कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिव छनौट सम्बन्धी मापदण्ड, २०८२ |
| ८. | अस्पताल विकास समिति आर्थिक प्रशासन विनियमावली, २०८२ (नमुना कानून) |

## ११. जनशक्तिको अवस्थाः-

| कुल दरबन्दी संख्या | कुल पदपूर्ति संख्या | कुल रिक्त संख्या |
|---|---|---|
| ११३८ | ८२३ | ३१५ |

# अन्तमा

समावेशी र दिगो विकासका लागि नतिजामुखी अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली अपरिहार्य छ। विकासको लक्ष्य प्राप्त गर्न सरकारले विभिन्न नीति, योजना र कार्यक्रम मार्फत वस्तुनिष्ठ उद्देश्य गरी सोको लागि उपयुक्त वातावरण तयार गर्दछ। यस प्रकारका योजनाले निर्धारण गरेका उद्देश्यहरूलाई प्रभावकारी रूपमा हासिल गर्ने सुनिश्चितता गर्न नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था हुन आवश्यक छ। आ.व. २०८२/८३ को चैत्रसम्मको प्रगति हेर्दा स्पष्ट कार्य जिम्मेवारी, सूचकमा आधारित अनुगमन तथा सुपरीवेक्षण प्रणाली अवलम्बन गरी प्रशासनिक खर्चमा मितव्ययिता अपनाई पुँजीगत खर्चलाई उत्पादनमूलक, आयमूलक, सेवामूलक तथा रोजगार सृजना गर्ने क्रियाकलापमा परिचालन गरी आर्थिक वृद्धिमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी कर्णाली प्रदेश सरकारले नीति, रणनीति र कार्यनीति तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ।

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल